कर्पोरेट Times
2nd YEAR ANNIVERSARY
सबल अर्थतन्त्रको साझा विचार
Corporate Times Weekly
साप्ताहिक

❑ वर्षः २ ❑ अंकः २ ❑ ११ साउन २०८२, आइतबार ❑ 27 July 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठः ८ ❑ मुल्य रुः २०/-

## कर्णाली डेभलपमेन्ट बैंक घोटलामा सीआईबीको प्रतिवेदनः

# ३ अर्ब २० करोड अपचलन र अनुगमन अधिकृतलाई १० लाख घुस

चेत नारायण / काठमाडौं

कर्णाली डेभलपमेन्ट बैंकमा ३ अर्ब २० करोड रुपैयाँ घोटाला भएको निष्कर्षसहित प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो (सिआईबी) ले अनुसन्धान प्रतिवेदन तयार पारेको छ। सिआईबीले उक्त घोटलामा ३ अर्ब २० करोड रुपैयाँ ठगी भएको र १११ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहित प्रतिवेदन तयार परेको सिईआबीका एसएसपी होबिन्द्र बोगटीले बताए।

राष्ट्र बैंकको अधिकृत प्रथम (निर्देशक) पदबाट अवकास भएका भुवन बस्नेतसहित बैंकका २ पुर्वअध्यक्ष समेत १११ जना प्रतिवादी रहेको उनले बताए। प्रतिवादीमध्ये ४ जना पक्राउ परेको र ३ जनाको मृत्यु भइसकेको छ। १०४ नजना फरार प्रतिवादी रहेको बोगटीले बताए। सिआईबीले विभिन्न समयका बैंकको सञ्चालक समिति, कर्मचारी समेतको मिलेमतोमा ३ अर्ब २० करोड रुपैयाँ रकम अपचलन भएको निष्कर्ष निकालेको छ। नेपाल राष्ट्र बैंकको अनुगन अधिकृतसमेतको सहयोगमा बैंकमा विगतदेखि नै हुँदै आएको अपचलन ढाकछोप भएको देखिएको स्रोतले बतायो।

बैंकको सुपरिवेक्षणको नेतृत्व गरेका राष्ट्र बैंकका पुर्वकर्मचारी भुवन बस्नेतको खातामा बैंकबाट रकम जम्मा गरेको पाइएपछि उनि अनुसन्धानको घेरामा तानिएका थिए। यसले पनि अनुगमन अधिकृतले नै बैंकमा भएको अपचलन ढाकछोप गर्न सहयोग गरेको अनुमानमा थप बल पुगेको सिआईबी स्रोतले बतायो। नेपाल राष्ट्र बैंकले ११ मंसिर २०८१ मा बैंकलाई शिघ्र सुधारात्मक कारवाही गरेको थियो। सुपरीवेक्षकीय




समायोजनपछि राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम नहुने भएपछि ११ मंसिरबाट लागु हुने गरी बैंकलाई कर्जा लगानी र निक्षेप संकलनमा राष्ट्र बैंकले रोक लगाएको थियो।

राष्ट्र बैंकले ६ देखि ११ साउन २०८१ सम्म गरेको लक्षित निरीक्षण प्रतिवेदनका आधारमा निष्क्रिय कर्जा ४०.८५ प्रतिशत पुगेको देखिएको थियो। सोही आधारमा प्रोभिजन थप गर्दा यसरी निष्क्रिय कर्जा बढेको तर सोही अनुसार बैंकले कर्जा नोक्सानी व्यवस्था नगरेको देखिएको राष्ट्र बैंकले जनाएको छ। नियामकिय समायोजनपछि पुँजीकोष अनुपात नपुग्ने र उच्च निष्कृय कर्जा अनुपात भएपछि शिघ्र सुधारत्मक कारवाही सुरु गरेको थियो। त्यसको एक महिनापछि २०८१ पुसमा राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गर्दै ३ सदस्य रहेको व्यवस्थापन समिति बैंकमा पठाएको थियो।

बैंक सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा वित्तीय संस्था सुपरीपेक्षण विभागका उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगल किशोर कुशवाहा रहेको व्यवस्थापन समिति पठाएको थियो। बैंकले राष्ट्र बैंकमा वाणिज्य बैंकहरुमा मुद्दति निक्षेप राखेको नक्कली प्रमाणपत्र देखाउँदै रकम अपचलन भएको पाएपछि राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको थियो। यस्तै राष्ट्र बैंककै सिफारिसमा प्रहरीको केन्द्रिय अनुसनधान ब्युरोले अनुसन्धान सुरु गरेको हो।

सिआईबीले २०७० देखिको सुपरिवेक्षण समेतको आधारमा अनुसन्धान सुरु गरेकोमा केन्द्रिय बैंकका सुपरिवेक्षमा समेत शंका गरेको थियो। सुपरिवेक्षमा गएका कर्मचारीको खातामा रकम नै जम्मा गरेको पारुयएपछि थप शंका बढाएमोमा राष्ट्र बैंकका पुर्वकर्मचारी बस्नेतलाई पक्राउ गरीअनुसनधान गरेको हो। सिआईबीले यो घोटलामा राष्ट्र बैंकका सुपरिवेक्षणमा खटेको कर्मचारीलाई सरकारररी साक्षीको रुपमा बस्न आग्रह गर्दा राष्ट्र बैंकले अस्वीकार गरेको र अनुसन्धानमा समेत आवश्यक सहयोग नगरेको सिआईबी स्रोत बताउँछ। सुपरिवेक्षण क्रममा धेरै गम्भिकर विषय हुँदा पनि सामान्य अवस्था रहेको सुपरिवेक्षण प्रतिवेदन तयार बनाएको स्रोतको दाबी छ। राष्ट्र बैंकका पुर्वकर्मचारी भुवन बस्नेत सहित बैंकका पुर्वअध्यक्षहरु पशुपति दयाल मिश्र र राजेन्द्रविर राय पक्राउ गरेको छ। ४ जना प्रतिवादी प्रहरी हिराशतमा छन् भने १०४ जना फरार रहेको सिआईबिले जनाएको छ।

**अनुगमन अधिकृतलाई १० लाख ट्रान्सफर**

कर्णाली विकास बैंक घोटाला प्रकरणमा पक्राउ परेका राष्ट्र बैंकका पूर्वकर्मचारीको खातामा शंकास्पद कारोबार भेटिएको छ। बैंकको २ अर्ब ५० करोड रुपैयाँ हिनामिना प्रकरणमा जोडिएपछि पक्राउ परेका राष्ट्र बैंकका पूर्वकर्मचारी भुवन बस्नेतको खातामा शंकास्पद कारोबार भेटिएको हो।

कर्णाली विकास बैंकको खाताबाट सुनसरी घर भएका ६१ वर्षीय बस्नेतको बैंक खातामा पटक-पटक रकम आएको देखिएपछि उनी अनुसन्धानमा तानिएका हुन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बस्नेतलाई पक्राउ गरेर अनुसन्धान अघि बढाउँदा उनको खातामा पटक-पटक गरी करिब १० लाख रुयैयाँ आएको देखिएको स्रोतले बताएको छ। सीआईबीका एक अनुसन्धान अधिकृतका अनुसार बैंक संकटमा आएकै समयमा कर्णाली विकास बैंकको खाताबाट व्यक्तिगत खातामा रकम *(बाँकी पृष्ठ ४ मा)*

## बागमती प्रदेशका समस्याग्रस्त सहकारी लाई ऋण तिर्न भदौभित्रको म्याद




काठमाडौं। बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समस्याग्रस्त घोषित सहकारी संस्थाका सम्पूर्ण ऋणीलाई भदौ मसान्तभित्र ऋण तिर्न सूचना गरेको छ। अन्यथा ऋण असुलीका लागि कानुनी कारबाही प्रक्रिया अगाडि बढाइने चेतावनी पनि दिइएको छ।

बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले आज (साउन ९ गते) सूचना जारी गरी प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषित सिभिल बचत तथा ऋण सहकारी संस्था, दर्शन बचत तथा ऋण सहकारी संस्था, नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था र सुमेरु बचत तथा ऋण सहकारी संस्थाका ऋणीलाई कर्जा रकमको साँवा तथा ब्याज भदौ ३१ भित्र उक्त समितिको बैंक खातामा बुझाउन भनेको हो।

२०८२ भदौ मसान्तसम्म पनि ऋण चुक्ता गर्न नआउने ऋणीको हकमा भने ऋण चुक्ता गर्ने मितिको अघिल्लो दिनसम्म आधार मानी साँवा, ब्याज र हर्जना रकम गणना गरी ऋण असुली गर्ने निर्णय गरिएको समितिले जनाएको छ। समितिले चेतावनी दिँदै अगाडि भनेको छ, अन्यथा ऋण असुलीसम्बन्धी आवश्यक कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने बेहोरा सम्बन्धित सबै सरोकारवालाहरूमा जानकारी गराइन्छ।

## साढे ६ अर्बमा हवाई इन्धन डिपो बनाउँदै आयल निगम, डीपीआर तयार




काठमाडौं। नेपाल आयल निगमले ६ अर्ब ५० करोड रुपैयाँ लागतमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा नयाँ हवाई इन्धन डिपो निर्माण गर्ने भएको छ। नयाँ हवाई इन्धन डिपो निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको छ। त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ अध्ययन संस्थानको कन्सल्टेन्सी सेवाले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन बिहीवार निगमलाई हस्तान्तरण गरिएको छ। त्रिवि इन्जिनियरिङ अध्ययन संस्थानका सहायक डिन डा. सुरज लामिछानेका अनुसार नेपाली प्राविधिक जनशक्तिले नै इन्धन डिपोको डीपीआर तयार पारेको हो।

हाल सिनामंगलस्थित डिपो अन्तरराष्ट्रिय मापदण्ड बाहिर रहेको, विमानस्थलमा सुरक्षा जोखिम बढेको र भण्डारण क्षमता विस्तार गर्न नमिल्ने भएपछि निगमले विमानस्थलको उत्तरपूर्वी गुह्वेश्वरी क्षेत्रमा नयाँ डिपो निर्माण गर्न लागेको हो। हवाई *(बाँकी पृष्ठ ४ मा)*

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**

प्रधान-सम्पादक/प्रकाशक: चेत नारायण पाण्डेय
Editor-In CheifPublisher: Chet narayan Pandey

सम्पादक: गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादक: दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापक: सोहन न्यौपाने
Manager: Shohan Neupane

संवाददाता: जेपी लम्साल, बसन्त भण्डारी, नरेन्द्र चालिसे, धर्मेन्द्र पाण्डे, प्रविण रिजाल, निराजन परियार, दिपा शाही

लेआउट: कर्पोरेट टाइम्स डेस्क

मुद्रण: सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालय: जोरपाटी, काठमाडौं ।
शाखा कार्यालय: ठमेल, काठमाडौं ।
फोन: ९७०६२४७४००
इमेल: corporatetimes0@gmail.com

**सम्पादकीय**

# आत्मनिर्भर अर्थतन्त्र: भाषण होइन, व्यवहारको विषय

*नेपालको अर्थतन्त्र वर्षौंदेखि परनिर्भर संरचनामा अडिएको छ। कृषि प्रधान मुलुक भनेर परिचित देशले खाद्यान्नदेखि तरकारी, लत्ताकपडा, तेल, औद्योगिक सामग्रीसम्म अर्बौं रुपैयाँ बराबरको वस्तु प्रत्येक वर्ष विदेशबाट आयात गर्नुपर्ने बाध्यता छ। यस्तो अवस्थाले हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई दीर्घकालीन रूपमा असहाय बनाउँदै लगेको छ। समयमै चेत नपकाए यसको असर भावी पुस्तामाथि गम्भीर रूपले पर्नेछ । आत्मनिर्भर अर्थतन्त्रको अर्थ देशले आफ्ना आवश्यकता र माग आफ्नै स्रोत, श्रम, सीप र प्रविधिको उपयोगमार्फत उत्पादन गरेर पूर्ति गर्नु। वैदेशिक सहयोग वा आयात पूर्णतः निषेध गर्ने होइन, तर अत्यावश्यक क्षेत्रमा मात्रै सीमित गर्दै उत्पादन र रोजगारी देशभित्रै सिर्जना गर्ने संरचना निर्माण गर्नु आत्मनिर्भरता हो।*

*आजको वास्तविकता के छ भने नेपालले हरेक वर्ष २० खर्ब रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा आयात गर्छ। तर, यति धेरै खर्च गरिने यस्ता वस्तुहरूको उत्पादन नेपालमै सम्भव हुन्छ भन्ने थुप्रै उदाहरण छन्–धान, चामल, आलु, तरकारी, फलफूल, दुग्धजन्य पदार्थ, कपडा, प्रशोधित खाद्य पदार्थ आदि। तर, राजनीतिक इच्छाशक्ति र नीति स्थिरताको अभावले यस्तो सम्भावनालाई यथार्थमा रूपान्तरण गर्न सकेका छैनौं। अहिलेको आवश्यकता भनेको आयात प्रतिस्थापनमुखी रणनीति अवलम्बन गर्नु हो। जुन वस्तु नेपालमै उत्पादन गर्न सकिन्छ, त्यसका लागि सरकारले कर छुट, बीउ बिजन, सीप तालिम, अनुदान, प्रविधि र बजार सुनिश्चितता उपलब्ध गराउनु पर्छ। सरकारले आफ्ना खरिद प्रणालीमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु आवश्यक छ। अर्कोतर्फ, आत्मनिर्भर अर्थतन्त्रको आधार हो–शिक्षा र सीप। युवा जनशक्तिको ठुलो हिस्सा बेरोजगार अवस्थामा बिदेसिन बाध्य छ। यदि व्यावसायिक, प्राविधिक र कृषि शिक्षामा लगानी बढाएर देशमै अवसर सिर्जना गरियो भने लाखौँ युवा उत्पादन र उद्यममा लाग्न सक्छन्।*

*सार्वजनिक-निजी साझेदारी (PPP) को प्रभावकारी प्रयोग पनि आत्मनिर्भर अर्थतन्त्रतर्फको यात्रा सहज बनाउन सक्छ। सरकारले आवश्यक नीति निर्माण गरिदिएमा निजी क्षेत्रबाट प्रविधि, पुँजी र व्यवस्थापनको सहयोग सहजै प्राप्त गर्न सकिन्छ। यसले कृषि, लघु तथा घरेलु उद्योग, पर्यटन, जलविद्युत् जस्ता क्षेत्रमा दिगो विकासको सम्भावना बलियो बनाउँछ। तर, आत्मनिर्भर अर्थतन्त्र निर्माण केवल सरकारी नीतिले मात्र सम्भव हुँदैन। नागरिक स्तरमा पनि परिवर्तन आवश्यक छ। स्वदेशी उत्पादनप्रति गर्व, माया र प्राथमिकता जनाउनु आत्मनिर्भरताको सांस्कृतिक पक्ष हो। उपभोक्ताको चेतना नबदलिँदासम्म उत्पादन बढे पनि त्यसले बजार पाउँदैन। त्यसैले, "सस्तो भए पुग्छ" भन्ने मानसिकताको सट्टा "देशको उत्पादनलाई माया गरौँ" भन्ने सोच विकास गर्नुपर्ने बेला आएको छ।*

*आज आत्मनिर्भरता केवल राजनीतिक भाषणको विषय भएर सीमित हुन सक्दैन। यो राष्ट्रिय अस्तित्व, आर्थिक स्वाभिमान र सामाजिक दायित्वसँग प्रत्यक्ष गाँसिएको विषय हो। आत्मनिर्भर अर्थतन्त्र आजको आवश्यकता हो भने भोलिको आधार पनि यही हो। समृद्ध नेपालका लागि हामी विदेशी सहायता र रेमिट्यान्समा मात्र भर परिरहन सक्दैनौं। समृद्धिको मूल बाटो आफ्नै श्रम, सीप र स्रोतको विवेकपूर्ण प्रयोगमा छ। अब सरकार गम्भीर होस्, नीति व्यवहारमा उतारोस्, र नागरिकले स्वदेशी उत्पादनलाई आत्मसम्मानको रूपमा लिन थालुन्। हिजोको ढिलाइमा समय बित्यो, अब फेरि चुक्नु हुँदैन।*

# सरकार, नेप्सेको सेयर बेचेर अस्पताल चलाउनुपर्छ!


मुराहरि पराजुली

अघिल्लो साता प्रतिनिधि सभाको अर्थ समितिमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को पुनर्संरचना विषयमा एउटा छलफल भएको थियो। उपस्थित माननीयहरू स्टक एक्सचेन्ज कसले चलाउने, कसरी चलाउने, कति वटा चलाउने भन्नेबारे छलफल गर्दै थिए।

अधिकांश माननीय अलमलमा थिए, विषयवस्तु बाहिरका कुरा गरिरहेका थिए। कतिपय आफ्नो निजी राजनीतिक लाभमा केन्द्रित थिए भने कतिपयले नियतवश विषयान्तर गर्न खोजेको प्रस्टै देखिन्थ्यो। नीति निर्माणको यो तहमा यस किसिमको अलमल ठीक होइन। देशका लागि स्टक एक्सचेन्ज किन चाहिन्छ, कस्तो चाहिन्छ वा कति वटा चाहिन्छ भन्ने जानकारी पाउन धेरै ठूलो दुःख गर्नै पर्दैन। इन्टरनेटमा यस सम्बन्धी प्रशस्त सूचना पाइन्छ। यी सूचनाका आधारमा हाम्रा नीति निर्माताले क्षणिक व्यक्तिगत लाभबाट मुक्त भई बृहत् समाजको हितका लागि विवेकसम्मत, तथ्यगत र तर्कपूर्ण निर्णय गरे मात्र पुग्छ।

**किन चाहिन्छ स्टक एक्सचेन्ज?**

विश्वको पहिलो संगठित स्टक एक्सचेन्ज मानिएको आम्स्टर्डम (नेदरल्यान्ड्सको राजधानी) को स्टक एक्सचेन्ज सन् १६०२ मा स्थापना भएको थियो। डच इस्ट इन्डिया कम्पनीको सेयर कारोबार गर्न यसको स्थापना गरिएको थियो। समुन्द्रपार व्यापार गर्ने डच इस्ट इन्डिया कम्पनीले बृहत् समुदायसँग सम्भावित लाभ र जोखिम वितरण गर्ने गरी सेयर जारी गरेको त्यो घटना वित्तीय संसारमा नयाँ आविष्कार थियो। त्यसअघि मान्छेलाई सेयर जारी गर्ने वा लगानीका आधारमा समानुपातिक लाभांश वितरण गर्ने अवधारणाको जानकारी नै थिएन।

लन्डनमा थोरै भिन्न किसिमले स्टक एक्सचेन्ज स्थापना भयो। नेदरल्यान्ड्सपछि युरोपका अरू देशमा पनि ज्वाइन्ट स्टक कम्पनी (पब्लिक कम्पनी) का रूपमा उद्योग तथा व्यापारिक संस्था स्थापना गर्ने र त्यस्ता संस्थाको सेयर जनतालाई बिक्री गर्ने चलन चल्यो। कम्पनीले ब्रोकरहरूमार्फत सेयर बिक्री गर्थ्यो। अनि ब्रोकरहरू आफूसँग भएको सेयर बिक्री गर्न वा चाहेको सेयर खरिद गर्न लन्डनका कफी हाउसमा जम्मा हुन्थे। कफी हाउसका भित्तामा सेयर खरिद वा बिक्री गर्न पर्चा टाँसिएका हुन्थे। त्यही कफी हाउस नै पछि स्टक एक्सचेन्जमा रूपान्तरण भएको हो।

युरोपका अरू सहरमा क्रमशः यही ढाँचामा स्टक एक्सचेन्ज स्थापना हुँदै गए। यो तरिकाले युरोपको आर्थिक विकासमा ठूलो मद्दत गर्‍यो। औद्योगिक तथा व्यापारिक संस्थाले जनतामा छरिएर रहेको पुँजी जुटाउने यो उपाय कालान्तरमा संसारभर फैलियो। धेरै मुलुकमा स्टक एक्सचेन्जहरू ब्रोकरको क्लब (एसोसिएसन) का रूपमा स्थापना भए। जहाँ ब्रोकर अग्रसर भएनन्, त्यहाँ सरकारले नै स्टक एक्सचेन्ज स्थापनाको पहल गरे। सरकार अग्रसर भएर स्टक एक्सचेन्ज स्थापना गर्ने मुलुकमध्ये नेपाल एक हो।

**स्टक एक्सचेन्ज कस्तो चाहिन्छ?**

संसारमा अधिकांश स्टक एक्सचेन्ज पहिले जुन स्वरूपमा स्थापना भएका थिए, हाल त्यही स्वरूपमा छैनन्। संसारले स्टक एक्सचेन्ज सञ्चालनको झन्डै चार सय वर्ष लामो अनुभव पाएको छ। त्यो अनुभवले माथि चर्चा गरिएको जस्तो सरकारी स्वामित्वमा वा ब्रोकर एसोसिएसनको रूपमा स्टक एक्सचेन्ज सञ्चालन गर्न हुँदैन भन्छ। स्टक एक्सचेन्जले धितोपत्रको कारोबार सहज बनाउँछ। त्यस्ता धितोपत्रको बजार मूल्य पहिल्याउन सहयोग गर्छ। अत्यन्तै न्यून लागतमा सम्पत्ति (धितोपत्र) को हस्तान्तरण सम्भव बनाउँछ। कारोबार तथा व्यवसाय सञ्चालनमा निहित लाभ तथा जोखिम बृहत् समुदायमा वितरण गर्छ। स्टक एक्सचेन्ज प्रणाली मार्फत व्यवसायलाई पारदर्शी तथा समाजप्रति जबाफदेही बनाउने र संस्थागत सुशासन कायम गर्ने विषय पछिल्लो समयमा जोडदार रूपमा अगाडि आएको छ।

उल्लिखित भूमिका निर्वाह गर्ने क्रममा सरकारी स्वामित्वमा वा ब्रोकर एसोसिएसनका रूपमा सञ्चालित स्टक एक्सचेन्ज तुलनात्मक रूपमा कमजोर देखिएका थिए, देखिएका छन्। तसर्थ सन् १९८० दशकपछि स्टक एक्सचेन्जहरूलाई पनि स्वामित्व र व्यवस्थापन अलग हुने असल संस्थागत सुशासनयुक्त ढाँचामा चलाइनुपर्छ भन्ने अवधारणाको विकास भएको छ।

असल संस्थागत शासन भएको स्टक एक्सचेन्जको स्वामित्वमा कुनै पनि एक सेयरधनी हाबी हुँदैन। स्टक एक्सचेन्जको पाँच प्रतिशतभन्दा बढी सेयर कसैले पनि लिन पाउँदैन। उल्लेख्य संख्यामा गैर सेयरधनी विशेषज्ञ स्टक एक्सचेन्जको सञ्चालक समितिमा सदस्य हुन्छन्। सेयरधनीले नियुक्त नगर्ने भएकाले त्यस्ता सदस्यको प्रमुख उद्देश्य स्टक एक्सचेन्जको नाफा अधिकतम बनाउने भन्ने हुँदैन। उनीहरूको जोड सुशासनमा हुन्छ।

हाल उदार लोकतान्त्रिक अर्थ-व्यवस्था अँगालेका कुनै पनि मुलुकमा स्टक एक्सचेन्जहरू सरकारी स्वामित्वमा वा ब्रोकर एसोसिएसनका रूपमा सञ्चालित छैनन्। सरकारी स्वामित्वमा वा ब्रोकर एसोसिएसनका रूपमा सञ्चालित स्टक एक्सचेन्जहरू दक्ष तथा विश्वसनीय नहुन सक्छन्, पारदर्शिता अभाव हुन सक्छ। त्यस्ता संरचनामा स्टक एक्सचेन्ज सञ्चालक, सेवा प्रदायक (ब्रोकर) तथा सेवाग्राही (कारोबारी) बीच स्वार्थ बाझिने अनेकौं सन्दर्भ आउन सक्छन्।

झन् प्रविधिको विकासले स्टक एक्सचेन्ज सञ्चालनको स्वरूपमा व्यापक परिवर्तन ल्याएको छ। त्यसै कारण प्रविधिको अधिकतम उपयोग गर्दै दक्ष, विश्वसनीय तथा पारदर्शी रूपमा स्टक एक्सचेन्जको कारोबार हुनुपर्छ भन्ने लहर संसारभर चलेको छ। यसका लागि स्टक एक्सचेन्जहरूलाई 'डिम्युचलाइज' र 'कर्पोरेटाइज' गरिएको छ। डिम्युचलाइजको अर्थ, स्टक एक्सचेन्जलाई ब्रोकर एसोसिएसनका रूपमा चलाउने होइन भन्ने अवधारणा हो भने कर्पोरेटाइजको अर्थ सरकारी स्वामित्वमा चलाउने होइन भन्ने हो। अनुदार, तानाशाही र अधिनायकवादी शासन व्यवस्था भएका मुलुकमा मात्र स्टक एक्सचेन्ज परम्परागत ढाँचामा सञ्चालित छन्।

**स्टक एक्सचेन्ज कति वटा चाहिन्छ?**

हाम्रो समाज स्टक एक्सचेन्ज कति वटा चाहिन्छ भन्ने व्यर्थको विवादमा अल्झेको छ। यसलाई बुझ्न फेरि इतिहासमा फर्कौं। संयुक्त राज्य अमेरिकामा मात्रै १९ औं शताब्दीमा ४० वटा स्टक एक्सचेन्ज थिए। दोस्रो विश्व युद्धअघि जर्मनीमा २० वटा थिए। त्यस ताका युरोपभर सय वटाभन्दा बढी स्टक एक्सचेन्ज थिए। ब्रिटिस भारत (हालको भारत, बंगलादेश र पाकिस्तान) मा पनि ३० वटा थिए। त्यति बेला ठूला सहरहरूमा कम्पनीहरू स्थापना हुन्थे। नजिकैको स्टक एक्सचेन्जमा सूचीकृत हुन्थे। सेयर किनबेच गर्नेले पनि आफ्नै सहर वा नजिकैको सहरमा रहेको स्टक एक्सचेन्जमा कारोबार गर्थे। हाम्रा राणा शासक र तत्कालीन साहु-महाजनले भारतको 'कलकत्ता स्टक एक्सचेन्ज' मा सूचीकृत कम्पनीहरूको सेयर किनबेच गर्थे। बम्बई स्टक एक्सचेन्जमा कारोबार गर्ने राणा शासक पनि थिए।

यातायात तथा सञ्चार असुविधाका कारण त्यति बेला सहरपिच्छे स्टक एक्सचेन्ज आवश्यक थियो। अहिले यातायात सुविधा र प्रविधि विकासले सेयर कारोबारमा भौगोलिक दुरीको समस्या समाधान भएको छ। सेयर किनबेच गर्न ब्रोकर वा स्टक एक्सचेन्ज पुग्नै पर्दैन। त्यसैले संसारभर स्टक एक्सचेन्जहरू एक आपसमा गाभिएर संख्या स्वात्तै घटेको छ। केही मुलुकमा मात्रै एकभन्दा बढी स्टक एक्सचेन्ज बाँकी छन्। हामी भने अर्को स्टक एक्सचेन्ज थप्ने उल्टो कुरा गरिरहेका छौं। सारा संसार स्टक एक्सचेन्ज घटाउन लागिरहेको छ, हामी बढाउने कुरा गरिरहेका छौं। यस्तो कुरा गर्नेहरु दुईथरी मान्छे छन्।

एकथरी स्टक एक्सचेन्ज थपिएपछि प्रतिस्पर्धा हुन्छ, प्रतिस्पर्धाले लागत घटाउँछ, सेवाको गुणस्तर बढ्छ भन्ने विश्वासमा छन्। अर्कोथरी छन् जो स्टक एक्सचेन्ज विकासको इतिहास, अर्थतन्त्र तथा पुँजी बजारको आकार, सूचीकृत कम्पनीको संख्या, कारोबारका लागि उपलब्ध धितोपत्र, सक्रिय कारोबारीको संख्या बेवास्ता गरेर अर्को पनि स्टक एक्सचेन्ज चाहिन्छ भन्ने तर्क गर्छन्।

यी दुवैथरीको सोचमा समस्या छ। दुइटा स्टक एक्सचेन्ज हुँदैमा प्रतिस्पर्धा हुँदै न। टेलिकम, बैकिङ क्षेत्रमा प्रतिस्पर्धाले सेवाको गुणस्तरमा सुधार ल्यायो भन्ने उदाहरण पनि स्टक एक्सचेन्जका सन्दर्भमा मिल्दैन। यस किसिमको यान्त्रिक बुझाइबाट हामी मुक्त हुनुपर्छ। स्टक एक्सचेन्जलाई अरू व्यावसायिक संस्था जस्तो देख्नु ठूलो भूल हुनेछ। स्टक एक्सचेन्ज सामान्य व्यावसायिक संस्था मात्रै होइन, यो एक पूर्वाधार हो, एक प्रणाली हो र अग्रपंक्तिको नियमनकारी संस्था पनि हो भन्ने कुरा धेरैले हेक्का गरेका हुँदैनन्।

यदि स्टक एक्सचेन्ज सामान्य वित्तीय संस्था हुन्थ्यो भने हजारौंको संख्यामा हुने थिए। बैंक, बिमा, वित्त कम्पनी जस्तो संसारभर हजारौंको संख्यामा किन स्टक एक्सचेन्ज छैनन्? किन धेरैभन्दा धेरै स्टक एक्सचेन्ज खोलेर प्रतिस्पर्धा नगराइएको होला? किन विकसित मुलुकका मान्छेलाई यो ज्ञान नआएको होला? उनीहरूले थाहा नपाएर स्टक एक्सचेन्ज नथपेका हुन्छ, होइन। त्यस कारण कति वटा स्टक एक्सचेन्ज भन्ने समस्या हुँदै होइन। कस्तो र कसको स्टक एक्सचेन्ज भन्ने हो।

**अब के गर्ने?**

हामीलाई अर्को स्टक एक्सचेन्ज चाहिएको होइन। आजको आवश्यकता भनेको भएकै स्टक एक्सचेन्जको सुधार हो। कुनै बेला हाम्रो देशको अर्थतन्त्रमा सरकार हाबी थियो। गैर-सरकारी पक्षको उपस्थिति शून्यप्रायः थियो। त्यो समयमा निजी क्षेत्र अग्रसर भएर स्टक एक्सचेन्ज स्थापना गर्ने भन्ने कल्पना बाहिरको कुरा थियो। त्यस्तो बेलामा सरकारले धितेपत्र बजारका सबै काम गर्ने गरी सेक्युरिटी खरिद-बिक्री केन्द्र स्थापना गरेको थियो। सुरूमा नेपाल राष्ट्र बैक र नेपाल औद्योगिक विकास निगम मिलेर स्थापना गरेको उक्त केन्द्रमा पछि सरकार पनि जोडियो। केन्द्रले नियामक, बजार सञ्चालक, मध्यस्थकर्ता एवं लगानीकर्ता सबैको काम गर्थ्यो।

देशमा बहुदल आएपछि पुँजी बजारलाई साँच्चिकै गतिशील बनाउने हो भने नियामक, बजार सञ्चालक, मध्यस्थकर्ता र लगानीकर्ताको भूमिका अलग बनाउनुपर्छ भन्ने भयो। सोही अनुरूप सेक्युरिटी खरिद-बिक्री केन्द्रलाई अलग्याएर नियामकको रूपमा नेपाल धितोपत्र बोर्ड, बजार सञ्चालकको रूपमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) बनाइयो। मध्यस्थकर्ताका रूपमा ब्रोकर र मर्चेन्ट बैंकर आए। नेप्सेले लगानीकर्ताका रूपमा धितोपत्र खरिद-बिक्री नगर्ने भयो। यो स्थितिबाट हामी धेरै अगाडि बढेका छौं। तैपनि पुँजी बजारको विश्वव्यापी लहर पक्रिन सकेका छैनौं। विश्वभर स्टक एक्सचेन्जलाई सरकारी स्वामित्वबाट मुक्त गरिएको छ। हामीले भने गरेका छैनौं। स्टक एक्सचेन्जलाई सरकारी स्वामित्वबाट अलग गर्ने सोच नआएको पनि होइन, तर हामीले कार्यान्वयन गरेनौं। दसौं पञ्च-वर्षीय योजना (२०५९-२०६४) मा नेप्सेको निजीकरण गर्ने भनिएको थियो। वित्तीय क्षेत्र विकास रणनीति (२०७३-२०७८) मा नेप्सेमा रहेको नेपाल सरकार र राष्ट्र बैंकको सेयर विनिवेश गर्ने उल्लेख छ। यसबीच आएका थुप्रै बजेटमा संस्थागत सुधार, संरचनागत सुधार, सार्वजनिक-निजी साझेदारी लगायत विविध शब्दावली प्रयोग गरेर नेप्सेबाट सरकार अलग हुने घोषणा भएका थिए। ती घोषणा थाती रहे।

थाती रहेको त्यो मुद्दालाई नेप्सेको पुनर्संरचनाको नाममा पुनः जगाइएको छ। वास्तवमा नेप्सेलाई सक्षम, आधुनिक र अन्तर्राष्ट्रिय स्तरको स्टक एक्सचेन्ज बनाउन यसको पुनर्संरचना हुनैपर्छ। नेतृत्वमा दृढ इच्छाशक्ति हुने हो भने यो मुस्किल काम पनि होइन। पछिल्लो पटक २०८० चैतमा भएको विस्तृत लेखा परीक्षणले नेप्सेको प्रतिसेयर नेटवर्थ १३७५ रूपैयाँ रहेको देखाएको छ। यसको अर्थ चुक्ता पुँजी एक अर्ब रूपैयाँ भएका हिसाबले नेप्से आजको दिनमा झन्डै १४ अर्ब रूपैयाँ बराबरको सार्वजनिक सम्पत्ति हो भन्ने हुन्छ। किताबी मूल्य (नेटवर्थ) को ५ गुणासम्म जाने हो भने पनि नेप्सेको बजार मूल्य ७० अर्ब रूपैयाँ हाराहारी हुन्छ।

यही ७० अर्ब रूपैयाँ बराबरको सार्वजनिक सम्पत्ति रक्षाका लागि पनि नेप्सेको पुनर्संरचना आवश्यक छ। नेप्से सरकारको लगानीमा उच्च प्रतिफल दिने नम्बर एक कम्पनी हो। यसले पछिल्लो पाँच वर्षमा औसत ८३ प्रतिशतका दरले सेयरधनीलाई लाभांश (नगद तथा बोनस सेयर) वितरण गरेको छ। वित्तीय रूपमा यति दक्ष र बलियो अरू कुनै सरकारी संस्था छैन। सरकारको सानो गल्तीले यो संस्था पूरै धराशायी हुन सक्छ। सरकारी निर्णयमा संगति नहुँदाको ठूलो मूल्य हामीले चुकाउनुपर्ने हुन सक्छ।

आजको दिनमा बहुमूल्य सम्पत्ति भनिएको नेप्सेको पुनर्संरचना नगरी अर्को कदम उठाइयो भने त्यो सम्पत्ति भोलि मूल्यहिन हुनेछ। आजको दिनमा लगानीकर्ता नेप्सेको एक कित्ता सेयरलाई कम्तीमा ७ हजार रूपैयाँ हाल्न सक्छन्। तर सरकारले अलमल गरिरह्यो भने वा अन्यथा निर्णय गर्‍यो भने सित्तैमा पाए पनि कसैले लिने छैनन्। सेक्युरिटी खरिद-बिक्री केन्द्र स्थापना गर्दा नेपाल राष्ट्र बैंकले केही लाख रूपैयाँ लगानी गरेर ३४ प्रतिशतको सेयरधनी बनेको थियो। नेप्सेको पूर्ववर्ती उक्त संस्थामा लगानी गरेबापत राष्ट्र बैंकले हालसम्म करोडौं रुपैयाँ नगद लाभांश पाइसकेको छ। त्यति मात्र होइन, उल्लिखित ३४ प्रतिशत सेयरमध्ये २४ प्रतिशत सेयर बेचेर उसले झन्डै डेढ अर्ब रूपैयाँ नाफा पनि कमाएको छ।

राष्ट्र बैंकले जस्तै बुद्धिमत्तापूर्ण निर्णय सरकारले पनि गर्नुपर्छ। नेप्सेमा रहेको आफ्नो सेयर बेचेर सरकारले अर्बौं रूपैयाँ प्राप्त गर्न सक्छ। त्यसवापत् आउने रकम सरकारले खास लगानी गर्नुपर्ने क्षेत्रमा लगानी गर्न सक्छ। अबको समयमा सरकारले स्टक एक्सचेन्ज चलाइरहनु पर्दैन। स्टक एक्सचेन्ज मात्र होइन बैंक, बिमा, वित्त कम्पनी लगायत कुनै पनि व्यापारिक संस्था सरकारले चलाउनु पर्दैन। यस्ता संस्था चलाउने गरी निजी क्षेत्र अगाडि आइसकेको छ। बरू यस्ता संस्थाबाट सेयर र फुर्सद निकालेर सरकार शिक्षा, स्वास्थ्य, सामाजिक तथा भौतिक पूर्वाधारमा केन्द्रित हुनुपर्छ। अर्थात्, सरकारले स्टक एक्सचेन्जको सेयर बेचेर अस्पताल चलाउने काम गर्नुपर्छ। समाजवादी हुन खोज्ने सरकारले गर्नुपर्ने काम यस्तै हो। *(सेतोपाटीबाट)*

# जगदुल्लाको ठेक्का रोक्ने आफ्नै निर्देशन लेखा समितिले उल्ट्यायो

दिपक पौडेल / काठमाडौं



१०६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजनाको विवादित ठेक्का प्रक्रिया रोक्न दिइएको आफ्नै निर्णय प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले उल्टाएको छ। यसअघि समितिले जगदुल्ला हाइड्रोपावर कम्पनीसँग जोडिएर केही निर्माता कम्पनी नक्कली कागजात पेस गरी बोलपत्रमा समावेश भएको भनी आएको गुनासोका विषयमा प्रस्ट नभई सम्झौता अघि नबढाउन भन्दै गत जेठ २३ मा निर्देशन दिएको थियो। त्यसयता आयोजना प्रवर्द्धक जगदुल्ला कम्पनीले ठेक्का प्रक्रिया रोकेको थियो। यही साउन ७ मा बसेको समिति बैठकले प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो।

समितिमा बुधबार ऊर्जा सचिव सुरेश आचार्य, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव मुकुन्दप्रसाद निरौला र जगदुल्ला कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटालगायतलाई बोलाइएको थियो। सोही समितिमा छलफलपछि जगदुल्लाको ठेक्का प्रक्रिया अघि बढाउन निर्देशन दिइएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सापकोटाले बताए। लेखा समितिकै निर्देशनले दुई महिना रोकिएको ठेक्का प्रक्रिया अब अघि बढ्ने भएको हो।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दा भएकाले संसदीय समितिमा थप छलफल गर्नु नपर्ने निष्कर्ष निकालिएकाले ठेक्का प्रक्रिया अघि बढाउन निर्देशन दिइएको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले बताए। 'संसदीय समितिमा सांसदले उठाएका विषयमा भएका निर्णय सभापतिले अगाडि बढाउने हो,' उनले भने, 'सर्वोच्च अदालतमा विचाराधीन रहेको हुँदा यही विषय समितिमा थप छलफल गर्नु नपर्ने निष्कर्ष निस्कियो।' स्वतन्त्र सांसद अमेरशकुमार सिंहले फरक मत राखेका छन्। समितिका निर्णयहरूमा गम्भीर खालका प्रश्न उब्जिएका कारण ध्यानाकर्षणसहित फरक मत र राय दिइएको उनीहरूले बताएका छन्।

'जगदुल्ला हाइड्रोपावरको निर्माणसम्बन्धी बोलपत्र आह्वान तथा प्रक्रियामा, मूल्यांकन समितिको निर्णय आदिमा नक्कली कागजात पेस भएको, गलत मनसायका साथ प्रक्रियामा समेत चलखेल भएको देखिएकोलगायतका गम्भीर प्रश्न उठेका छन्। यस विषयमा मूल्यांकन समितिका पदाधिकारीसहित जगदुल्ला हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत र यसमा जोडिएका अन्य पदाधिकारीको संलग्नताको आवश्यक छानबिन गरी सत्यतथ्य के हो? त्यसको अध्ययन अनुसन्धान तथा छानबिन हुन आवश्यक रहेको सांसदहरूले राखेको फरकमा मतमा उल्लेख छ।

'छानबिन नगरी निर्माण प्रक्रिया अगाडि बढाउँदा भ्रष्टाचार र अनियमितता हुने हुँदा जिम्मेवार निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय अनुसन्धान ब्युरो, सार्वजनिक खरिद अनुगमन कार्यालय, हिजाउ कम्पनी चीनमा छ कि छैन भन्ने प्रश्न परराष्ट्र मन्त्रालयमार्फत चिनियाँ दूतावासलाई सोध्नेलगायत काम सम्बद्ध निकायले १५ दिनभित्र छानबिन गरी सार्वजनिक लेखा समितिमा पेस गर्न निर्देश गर्ने,' सांसदहरूले राखेको फरक मतमा भनिएको छ। राष्ट्रिय महत्त्वको आयोजनामा अनियमितता भएको

भन्दै डोल्पाका लाप्पा शेर्पाले लेखा समितिमा उजुरी दिएका थिए। डोल्पामा बनाउन लागिएको जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्काका विषयमासिनो हाइड्रोले गरेको उजुरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले समेत अनुसन्धान गरिरहेका छन्। सिउ इन्फ्रास्ट्रक्चर र हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन जेभीको रिटमा उच्च अदालत पाटनले अन्तरिम आदेश दिन अस्वीकार गरिसकेको छ। अधिवक्ता सन्तोष आचार्यसहितको समूहले २०८२ जेठ २२ मा जगदुल्ला हाइड्रोपावरको ठेक्काविरुद्ध जगदुल्ला हाइड्रोपावर कम्पनी, एएनके कन्स्ट्रक्सन कम्पनी, जियाङ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन, ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई विपक्षी बनाएर रिट दायर गरेका छन्। उक्त रिटमा सर्वोच्च अदालतले न्यायाधीश नहकुल सुवेदी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले २०८२ असार १ मा अन्तरिम आदेश दिन अस्वीकार गरिसकेको छ।

२०८१ जेठ १३ मा जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले सिभिल र हाइड्रो मेकानिकलअन्तर्गत इन्जिनियरिङ, प्रोक्योरमेन्ट र कन्स्ट्रक्सन (ईपीसी) तर्फ आह्वान गरेको ठेक्काको आशयपत्र जारी गरेको छ। आर्थिक प्रस्तावमा कररहित १२ अर्ब १५ करोड रुपैयाँ कबोल गरेको जियाङ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ (ग्रुप) कर्पोरेसन (चीन) र एएनके कन्स्ट्रक्सन नेपाल जेभी योग्य रहेको भन्दै कम्पनीले आशयपत्र जारी गरिसकेको छ। सिनो हाइड्रोले मूल्य अभिवृद्धि कर (भ्याट) सहित १५ अर्ब ७ करोड रुपैयाँ र जियाङ्सी र एएनकेले १३ अर्ब ७३ करोड रुपैयाँ रकम कबोल गरेका थिए। यी दुई कम्पनीले बोलकबोल गरेको रकममा १ अर्ब ३४ करोड रुपैयाँको मात्रै भिन्नता छ।

जगदुल्ला हाइड्रोपावर कम्पनीले २०८२ वैशाख ९ मा जियाङ्सी र एएनके जेभी र सिनो हाइड्रो योग्य रहेको भन्दै आर्थिक प्रस्ताव खोल्ने सूचना जारी गरेको थियो। २०८१ वैशाख २४ मा खोलेको आर्थिक प्रस्तावबाट सबैभन्दा कम मूल्य कबोल गरेपछि ठेक्का जियाङ्सी र एएनके जेभीले पाउने भएका छन्। कम्पनीले गत माघ ६ मा पुनः आयोजनाको ठेक्का प्रक्रिया आह्वान गरेको थियो। सिनो हाइड्रो, सिउ इन्फ्रास्ट्रक्चर र हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन जेभी, जियाङ्सी र एएनके जेभी, फेवा कन्स्ट्रक्सन र टूएमजी इनसाट मेडिनक्लाक जेभीले आवेदन दिएका थिए।

जगदुल्ला कम्पनीले गत जेठ २० मा सिभिल र हाइड्रो मेकानिकलतर्फको ठेक्का आह्वान गरेको थियो। उक्त ठेक्काका लागि हाई हिमालयन हाइड्रो र एजीई कम्पनी जेभी, शर्मा र भोङदिङ इन्टरनेसनल जेभी, रेल विकास निगम, पटेल इन्जिनियरिङ र लामा कन्स्ट्रक्सन जेभी, रामेछाप शेर्पा कन्स्ट्रक्सन र सोमा इन्टरप्राइजेज जेभी, सिनो हाइड्रो, ओम इन्फ्रा र फेवा कन्स्ट्रक्सन जेभी गरी सात कम्पनीले आवेदन दिएका थिए। तर प्राविधिक प्रस्तावमा कुनै पनि कम्पनी पास नभएपछि गत पुस २२ मा ठेक्का रद्द गरिएको जगदुल्ला कम्पनीको दाबी थियो। त्यति बेला ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आवेदन दिएका सबै कम्पनीलाई किनारा लगाएर हाई हिमालयन हाइड्रो र एजीई कम्पनी जेभीलाई ठेक्का दिलाउने गरी मिलेमतोमा मध्यस्थता गरेको आरोप लागेको थियो। १६ अर्बको ठेक्का पाउने कम्पनीले अरू चार कम्पनीलाई एक-एक प्रतिशतका दरले १५/१५ करोड दिने र मन्त्रीलाई दुई प्रतिशत दिने गरी लेनदेन भएको विषय अख्तियारमा पुगेको छ।

## १० वाणिज्य बैंकको लेखापरीक्षण गर्न छानियो बंगलादेशी कम्पनी

काठमाडौं। नेपालमा सञ्चालनमा रहेका १० वटा ठूला वाणिज्य बैंकको स्वतन्त्र लेखापरीक्षण गर्न बंगलादेशी 'हउलदार युनुस एन्ड कम्पनी' छनोट भएको छ। राष्ट्र बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले दोस्रो चरणमा उक्त कम्पनीलाई छनौट गरेको आशयपत्र जारी गरेको छ।

परेका बोलकबोलमध्ये दोस्रो चरणमा पनि 'हउलदार युनुस एन्ड कम्पनी' छनौट भएको नेपाल राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकले बुधबार सो कम्पनीलाई छनौट गरिएको आशयपत्रको सूचना जारी गरेको छ। अब एक साताभित्र उक्त कम्पनी उपर उजुरी नआए सोही कम्पनीले १० वटा कम्पनीको लेखापरीक्षण गर्ने राष्ट्र बैंकले जनाएको छ।

यससँगै उक्त कम्पनीले ६२ लाख ५४ हजार रूपैयाँ र २ लाख ७१ हजार डलर (करिब तीन करोड ७१ लाख रूपैयाँ) भुक्तानी पाउने छ। राष्ट्र बैंकले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को सुझाव तथा सहयोगमा नेपालका ठूला १० वाणिज्य बैंकको स्वतन्त्र लेखापरीक्षण गर्न लागेको हो।गत वर्ष पुसमा राष्ट्र बैंकले एक सूचनामार्फत इच्छुक विदेशी लेखापरीक्षकलाई नेपालका वाणिज्य बैंकहरुको व्यापक सम्पत्ति गुणस्तर समीक्षा (लोन पोर्टफोलियो रिभ्यू-एलपीआर) का लागि आशयपत्र बुझाउन आह्वान गरेको थियो। यसरी आशयपत्र बुझाउने विदेशी लेखापरीक्षकमध्ये राष्ट्र बैंकले बंगलादेशको हाउलदार युनुस कम्पनीलाई छानौट गरेको थियो।

यो छनौटविरुद्ध आशयपत्र बुझाउने अर्को कम्पनी मेहरा जेकेएसएस एसएसबीडीआईका तर्फबाट एस सुवेदी एन्ड एसोसिएट्सका सञ्चालक सतिश सुवेदीले राष्ट्र बैंक र सार्वजनिक खरिद अनुगमन कार्यालाई विपक्षी बनाएर सर्वोच्च अन्तरिम आदेश माग गर्दै रिट दायर भएको थियो। तर, गत असार ९ गते न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र नृपध्वज निरौलाको संयुक्त इजलाजले अन्तरिम आदेश निरन्तरता नहुने फैसला गरेको पनि राष्ट्र बैंकलाई प्रक्रिया अघि बढाउन बाटो खुलेको थियो।

यो कम्पनीले लेखापरीक्षण सुरु गरेपछि राष्ट्र बैंक तोकेको मापदण्डअनुसार छनौट भएका १० वटा ठूला वाणिज्य बैंकहरूले प्रवाह गरेको कर्जाको गुणस्तर मूल्यांकन स्वतन्त्र रूपमा हेरिनेछ। जसअनुसार कर्जा भुक्तानीकै लागि कर्जा लिने परिपाटी भए/नभएको, समूहगत कर्जा लिने प्रवृत्ति कस्तो छ र कर्जा केन्द्रीकृत भए/नभएको, खराब कर्जाको अवस्थालगायत पक्षको लेखापरीक्षण हुनेछ। सरकारले सन् २०२१ डिसेम्बर २२ मा आईएमएफसँग विस्तारित कर्जा सुविधा (ईसीएफ) लिँदा १० वटा ठूला वाणिज्य बैंकको स्वतन्त्र रुपमा लेखापरीक्षण गर्ने प्रतिवद्धतामा हस्ताक्षर गरेको थियो।

# कर्णाली प्रदेशको बजेट कार्यान्वयनमा ७१ बुँदे कडाइ




सुर्खेत। कर्णाली प्रदेशको आर्थिक मामिला मन्त्रालयले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा कडाइका साथ सुधारात्मक कदम चाल्दै ७१ बुँदे विस्तृत मार्गदर्शन जारी गरेको छ। उक्त मार्गदर्शनले विगतका कमजोरीबाट पाठ सिक्दै वित्तीय अनुशासन, पारदर्शिता र समयबद्धतामा विशेष जोड दिएको छ। आर्थिक मन्त्रालयका अनुसार बजेटको हरेक चरणमा स्पष्ट समयसीमा र जवाफदेहिताको खाका तयार पारिएको छ, जसको मुख्य उद्देश्य 'असारे विकास'को प्रवृत्तिलाई निरुत्साहित गर्दै विकास बजेटको शतप्रतिशत प्रभावकारी उपयोग सुनिश्चित गर्नु हो।

नयाँ आर्थिक वर्षको पहिलो दिन अर्थात् साउन १ गतेदेखि लागू हुने निर्देशनले आयोजना छनोटदेखि भुक्तानीसम्मको प्रक्रिया प्रणालीबद्ध र निगरानीमा राख्ने व्यवस्था गरेको छ। साउन मसान्तभित्र सबै आयोजनाको समयसीमा सहितको कार्ययोजना तयार गरी स्वीकृत गरिसक्नुपर्नेछ। कार्यालय प्रमुख र आयोजना प्रमुखसँग वार्षिक कार्यसम्पादन करार अनिवार्य हुनेछ। चालु आर्थिक वर्षमा प्रत्येक मन्त्रालयले ७५/८० प्रतिशत खर्च प्रगति पुऱ्याउनुपर्नेछ। बेरुजु फछ्र्यौट र गुनासो सम्बोधनमा शतप्रतिशत प्रगति हासिल गर्ने लक्ष्य राखिएको छ।

यस्तै, कार्तिक मसान्तभित्र विनियोजित बजेटलाई क्रियाकलापअनुसार बाँडफाँट गर्नुपर्नेछ, अन्यथा बाँकी रकम अर्थ मन्त्रालयले अन्यत्र परिचालन गर्न सक्नेछ। पुस मसान्तभित्र नयाँ कार्यक्रमका कार्यविधि स्वीकृत गरी लागू गर्नुपर्नेछ। फागुन मसान्तसम्म खरिद प्रक्रिया सुरु नभएमा उक्त रकम चैत १५ गतेभित्र आर्थिक मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ।

उपभोक्ता समितिमा राजनीतिक दलका पदाधिकारी, जनप्रतिनिधि, निर्माण व्यवसायी वा सरकारी कर्मचारी संलग्न हुन पाउने छैनन्। ३० लाख रुपैयाँभन्दा बढी लागतका आयोजना उपभोक्ता समितिमार्फत गराउन पाइने छैन, खुला बोलपत्र प्रक्रियाबाट मात्रै ठेक्का दिने व्यवस्था गरिएको छ। सहायक ठेक्कामा पनि कडाइ गरिएको छ। आयोजना प्रमुखको लिखित स्वीकृति बिना सहायक ठेक्का दिन पाइने छैन र एक तहभन्दा बढी सहायक ठेक्का दिन निषेध गरिएको छ।

मितव्ययिता यस मार्गदर्शनको प्रमुख नीति हो। पानी, बिजुली, सञ्चार, इन्धन, मर्मत, भत्ता, तालिम, गोष्ठी र भ्रमण खर्चमा कटौती गरिएको छ। असोज र असार महिनामा रकमान्तर पूर्ण प्रतिबन्धित गरिएको छ। बहुवर्षीय आयोजनाको रकम अन्यत्र सार्न पाइने छैन। अनुदानमा प्रदेश सरकारको अंश ५० प्रतिशतभन्दा बढी नहुने व्यवस्था मिलाइएको छ। बजेट कार्यान्वयनमा डिजिटल प्रणालीको प्रयोग अनिवार्य गरिएको छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली, आयोजना बैंक र एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीको पालना गर्नुपर्नेछ। निर्माणस्थलमा आयोजनाको विवरणसहित सूचना पाटी राख्नुपर्नेछ। त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ।

सरकारी खरिदमा सम्भव भएसम्म प्रदेशभित्रकै उत्पादनलाई प्राथमिकता दिइनेछ। स्वदेशी वस्तुको मूल्य १५ प्रतिशत बढी भए पनि खरिद गर्नुपर्ने कानुनी प्रावधान पालना गर्न निर्देशन दिइएको छ। यो मार्गदर्शनले बजेट खर्चमा ढिलासुस्ती, भ्रष्टाचार र गैरजिम्मेवारीपन अन्त्य गर्दै विकास प्रक्रिया पारदर्शी र नतिजामुखी बनाउने अपेक्षा मन्त्रालयले गरेको छ।

# ३ अर्ब २० करोड....

ट्रान्सफर भएको देखिएपछि उनलाई पक्राउ गरिएको हो । 'जुन समयमा उनी अनुमगनमा खटिएका सोही समयमा कर्णाली विकास बैंकबाट उनको व्यक्तिगत खातामा रकम ट्रान्सफर भएको देखिएको छ,' ती अनुसन्धान अधिकृतले भने, 'शंकास्पद कारोबार भेटिएपछि उनलाई पक्राउ गरी अनुसन्धान गरेका हौं ।' अनुगमनका क्रममा बैंक समस्यामा गएको र रकम अनियमितता भएको भेटिएपछि राष्ट्र बैंकका कर्मचारी बस्नेतलाई रकम दिएर अनुगमन तथा सुरपरिवेक्षण ठिक रहेको उल्लेख गर्न लगाइएको हुनसक्ने आशंका सीआईबीको छ । पूर्वकर्मचारी बस्नेतले भने सीआईबीसमक्ष उक्त रकम गाडी बेचेवापतको भएको दाबी गरेका छन् । रकम आएको प्रमाणसहितको तथ्य देखाएपछि त्यसलाई स्वीकार गर्दै बस्नेतले गाडी बेचेको रकम बैंकको खाताबाट आएको दाबी गरेको अनुसन्धान अधिकृत बताउँछन् ।

बैंक गम्भीर समस्यामा फसिसकेका बेला समेत अनुगमन अधिकृतका रूपमा खटिएका बस्नेतले अवस्था ठिक रहेको भन्दै प्रतिवेदन दिएको आरोप छ । यसअघि सीआईबीले अनुगमनमा गएकाहरूको विवरण माग्दै नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको थियो । पत्र गएपछि राष्ट्र बैंकका कर्मचारीहरूबीच तनाव सिर्जना गराएको थियो । त्यसपछि सीआईबीसहित प्रहरी उच्च अधिकृतहरूसँग गभर्नर विश्व पौडेलले समेत चासो देखाएका थिए । काठमाडौंको टोखाबाट पक्राउ परेका बस्नेतलाई बाँके पठाएर अनुसन्धान सुरु गरिएको सीआईबीका एसएसपी होविन्द्र बोगटीले बताए । बस्नेत पक्राउ परेसँगै कर्णाली विकास बैंक घोटाला प्रकरणमा पक्राउ पर्नेको संख्या ४ पुगेको छ । यसअघि सीआईबीले तत्कालीन अध्यक्ष दयाल मिश्र, वित्त प्रमुख देवप्रकाश सिंह ठकुरी र बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर रायलाई पक्राउ गरेको थियो ।

उनीहरू सबैलाई बाँके लगेर अनुसन्धान गरिएको छ । सीआईबीका डीएसपी दान थापाको टोलीले उनीहरूमाथि अनुसन्धान गरिरहेको छ । हिरासतमा रहेका मिश्र २०६६ देखि २०७५ सालसम्म बैंकको अध्यक्ष थिए । मधेश आन्दोलनबाट उदाएका नेता मिश्र २०७४ को प्रतिनिधिसभा निर्वाचनमा बाँके-२ बाट उम्मेदवार थिए । स्वतन्त्र राजनीतिक समूहका उनी सूर्य चुनाव चिह्नबाट प्रतिस्पर्धा गरे पनि पराजित भए । पछि उनी एमाले प्रवेश गरेका थिए । अहिले एमालेका केन्द्रीय सदस्य छन् ।

बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अन्तर्गतको कसुरमा नेपाल राष्ट्र बैंकको समन्वयमा अनुसन्धान भइरहेको सीआईबीले बताएको छ । यो बैंकमा अहिलेसम्म २ अर्ब ५० करोड रुपैयाँ हिनामिना भएको उजुरी परेको छ । कर्णाली विकास बैंक २०६० सालमा स्थापना भएको थियो । अपचलनमा संलग्न मुख्य व्यक्ति रायको कर्णाली विकास बैंकमा करिब ८० प्रतिशत संस्थापक सेयर छ । उनी बैंक स्थापनादेखि नै कार्यकारी अध्यक्ष तथा सीईओका रूपमा करिब १५ वर्षसम्म कार्यरत थिए । प्रमुख सेयर होल्डरका रूपमा रायले नै बैंक चलाउँदै आएका थिए । भारतको लखनउबाट पक्राउ परेका राय पनि एमालेबाट सांसदमा उठेका थिए । यो बैंकमा अहिलेसम्म २ अर्ब ५० करोड रुपैयाँ हिनामिना भएको उजुरी परेको छ । यसअघि सीआईबीले तत्कालीन अध्यक्ष दयाल मिश्र, वित्त प्रमुख देवप्रकाश सिंह ठकुरी र बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर रायलाई पक्राउ गरेको थियो । बैंक सञ्चालक समिति अध्यक्ष डा. ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित विशेष छानबिन समितिले ठूलो रकम घोटाला भएको निष्कर्ष निकालेको थियो । कर्णाली विकास बैंकको अन्य बैंक खातामा रहेको रकम तथा बैंकको कोर बैंकिङ प्रणाली (सीबीएस) मा प्रविष्ट रहेको रकमबीच अन्तर निकाल्दा ठूलो रकम घोटाल भएको मिश्र समितिको प्रतिवेदनले उल्लेख गरेको छ । विभिन्न बैंकको खातामा रहेको मौज्दातको नक्कली ब्यालेन्स सर्टिफिकेट बनाई केही वर्षदेखि अपचलन लुकाएको समितिले उल्लेख गरेको छ ।

नक्कली ब्यालेन्स सर्टिफिकेट बनाउँदा समेत राष्ट्र बैंकबाट गएको अनुगमन टोलीले भने त्यसलाई सदर गर्दै बैंक ठिकठाक अवस्थामा चलेको भन्दै लालमोहर लगाइदिएको थियो । राजेन्द्रवीर राय, पूर्वसीईओ दिनेशकुमार रावत, पूर्ववित्त विभाग प्रमुख महादेव भनिने वेदप्रकाश सिंह ठकुरी र वरिष्ठ वित्त विभाग प्रमुख तथा सीईओ निरजविक्रम शाहले समेत अपचलन गरेको हुनसक्ने मिश्र नेतृत्वको समितिले उल्लेख गरेको थियो ।

रायलाई मानबहादुर चौधरी र पवनसिंह थारुले सहयोग गरेको हुनसक्ने बताइएको छ । छानबिन समितिका संयोजक मिश्रले सीईओ निरजविक्रम शाहलाई सोधपुछ गर्दा ठूलो रकम रायले घोटाला गरेको बताइएको उल्लेख छ । अपचलन गर्न रायले कर्णाली विकास बैंकको चेकबाट अन्य बैंकमा रहेको मौज्दात निकासा गरी बैंकमा नबुझाई अन्यत्र लगेको बताइएको छ । खातामा ब्यालेन्स नभएकै अवस्थामा पनि चेक क्लियरिङमार्फत रकमान्तर-चेक भुक्तानी गरेर घोटाला गरेको पाइएको छ । यसका साथै सोझै भल्ट-टेलरबाट नगदै पैसा झिकेर पनि अपचलन गरेको बताइन्छ ।

राष्ट्र बैंकमा रहेको कर्णाली विकास बैंकको खाता (सीआरआर) मा ७ पुस २०८१ सम्म २२ करोड ७४ लाख ६१ हजार २८२ रुपैयाँ मौज्दात रहेको सीबीएसमा प्रविष्ट गरिएको थियो । तर छानबिन समितिको अनुसन्धान क्रममा उक्त खातामा करिब शून्य मौज्दात रहेको भेटिएको थियो । राय सहितका व्यक्तिले अन्य बैंकमा रहेको नक्कली 'ब्यालेन्स सर्टिफिकेट' बनाएर रकम अपचलन ढाकछोप गरेको पनि छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । बैंक विवरणको कागजपत्रमा फोटोसप गरेर आफूले चाहेबमोजिमको विवरण थप गरी कीर्ते विवरण बनाएर त्यसको फोटोकपी गरी राष्ट्र बैंकको अनुगमन टोलीलाई पेस गर्ने गरेको पनि छानबिन प्रतिवेदनमा उल्लेख छ ।

# साढे ६ अर्बमा....

इन्धन डिपो कार्यालय सिनामंगलका प्रमुख तथा आयोजना प्रमुख ई. प्रदीप यादवले प्रतिवेदन अनुसार रु ६ अर्ब ५४ करोड २९ लाख ५ हजार ५७ लागतमा नयाँ डिपो निर्माण हुने बताए । डिपो निर्माण गर्ने स्थानको जग्गाको चार किल्ला छुट्याएर नेपाल नागरिक उड्यन प्राधिकरणले निर्माणस्थल सफा गरिरहेको उनले जानकारी दिए । उक्त नयाँ डिपोमा ३ हजार किलोलीटर क्षमताका ५ ओटा भण्डारण ट्यांकी रहने छन् । साथै भविष्यमा भण्डारण क्षमता बढाउनका लागि खाली जग्गा पनि रहनेछ । विमानस्थलको गुह्येश्वरीतर्फ नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको ५० रोपनी जग्गामा निगमले डिपो निर्माण गर्न लागेको हो । प्रमुख यादवका अनुसार नयाँ डिपो पूर्ण रूपमा सुरक्षित र आधुनिक प्रविधियुक्त हुनेछ । अन्तरराष्ट्रिय मापदण्डअनुरूप नयाँ निर्माण हुने डिपोमा आगलागीबाट सुरक्षाका लागि २१०० किलोलीटर क्षमताका दुईओटा पानी ट्यांकी र पूर्ण स्वचालित फायर फाइटिङ सिस्टम जडान हुनेछ ।

विमानस्थलनजिक रहेको हवाई इन्धन डिपो सुरक्षाका दृष्टिले उच्च जोखिम देखिएपछि २०८१ साउन २८ सरकारले त्यहाँबाट डिपो अन्यत्र सार्ने निर्णय गरेको थियो । सरकारको निर्णयअनुसार डिपो गुह्येश्वरीस्थित नेपाली सेनाको गल्फ कोर्स भएको स्थानमा सार्ने प्रक्रिया अगाडि बढेको हो । चालू आर्थिक वर्ष (आव) २०८२/८३ मा बजेट विनियोजन गरी भदौमा निर्माणका लागि बोलपत्र आह्वान गरी २ महङ्नाभित्र मूल्यांकन सक्ने र त्यसको ६ महीनाभित्र निर्माण शुरु गरी २०८४ मंसिरसम्ममा बनाइसकेर डिपो सञ्चालनमा ल्याउने योजना रहेको जानकारी प्रमुख यादवले दिए ।

# हाइड्रोपावरमा २५ करोडको शेयर लगानी गर्ने सिनर्जी पावरको निर्णय

काठमाडौं । सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडले दुई वटा हाइड्रोपावर आयोजनामा लगानी गर्ने भएको छ। कम्पनीको मंगलबार साँझ बसेको संचालक समितीको बैठकले दुई आयोजनामा २५ करोड रुपैयाम बराबरको शेयर लगानी गर्ने निर्णय गरेको । कम्पनीले एपेक्स मकालु हाइड्रोपावर लिमिटेडमा ११ लाख कित्ताले हुन आउने ११ करोड रुपैयाँ र गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेडमा १४ लाख कित्ताले हुन आउने १४ करोड रुपैयाँ शेयर लगानी गर्ने निर्णय गरेको हो। सिनर्जीले यस अघि नै एपेक्समा ४४ करोड २७ लाख ४४ हजार रुपैयाँको शेयर लगानी गरिसकेको छ। अहिले थप ११ करोड लगानी गर्ने निर्णय गरेसँगै एपेक्समा सिनर्जीको कुल शेयर लगानी ५५ करोड २७ लाख ४४ हजार पुग्ने छ।

# होटल सिराइचुलीले आईपीओ निष्कासन गर्ने

काठमाडौं । चितवनको भरतपुरमा अवस्थित चारतारे होटल सिराइचुली लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सेयर -आइपीओ) निष्कासन गर्ने तयारी गरिरहेको छ । कम्पनीले धितोपत्र बोर्डको नियमावली र निर्देशिकाअनुसार आवश्यक स्वीकृति प्राप्त गरेपछि शेयर निष्कासन प्रक्रिया अघि बढाउने बताएको छ ।

सो कार्यका लागि कम्पनीले नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडलाई शेयर निष्काशन तथा बिक्री प्रबन्धकका रूपमा नियुक्त गरेको छ । आयोजित औपचारिक सम्झौता कार्यक्रममा होटल सिराइचुली तर्फबाट अध्यक्ष चुडामणी खनाल र नबिल इन्भेष्टमेन्ट बैंकिङका प्रमुख कार्यकारी अधिकृत मनिष नारायण जोशीबीच सम्झौतामा हस्ताक्षर गरिएको हो ।

कार्यक्रममा होटल सिराइचुलीका प्रबन्ध सञ्चालक विष्णु कुँवर र सञ्चालक बाबुराम उपाध्यायको पनि उपस्थिति रहेको थियो । भरतपुर-१० मा अवस्थित सिराइचुली होटल एक आधुनिक र सुविधासम्पन्न चारतारे होटल हो । होटलमा समकालीन आवास, मल्टिकुजिन रेस्टुरेन्ट, ३ वटा बैंक्वेट हल, ५ वटा बोर्डरुम, इन्फिनिटी स्विमिङ पूल, रुफटप रेस्टुरेन्ट, पुलसाइड बार, जिम र स्पा लगायतका सेवा उपलब्ध छन् । होटलको विशेषता भनेको हिमालय पर्वत शृङ्खलाको दृश्यावलोकन गर्न मिल्ने सिटी सेन्टर लोकेशनमा रहेको शानदार सुविधा हो, जसले आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षण गर्ने कम्पनीको विश्वास छ ।

# मञ्जुश्री फाइनान्सको न्युरोड शाखा स्थानान्तरण

काठमाडौं । मञ्जुश्री फाइनान्स लिमिटेडको न्युरोड शाखा कार्यालय अब काठमाण्डौ महानगरपालिका वडा नं २२, खिचापोखरी, न्युरोडमै करिब ५० मिटर उत्तरतर्फ स्थानान्तरण भई नयाँ स्थानबाट सेवा सञ्चालनमा आएको छ।

आइतबारदेखि सेवा प्रवाह थालेको नयाँ शाखाको समुद्घाटन फाइनान्सका सञ्चालक समितिका अध्यक्ष सुमन प्रसाद अधिकारीले गरेका हुन्। शाखा स्थानान्तरणको उद्देश्य ग्राहक सेवा अझ सहज बनाउने रहेको शाखा प्रमुख सञ्जीव श्रेष्ठले जानकारी दिए।

देशभर २७ शाखा र १ बिस्तारित काउन्टरमार्फत सेवा दिँदै आएको मञ्जुश्री फाइनान्सले हालसम्म २३ अर्ब रुपैयाँभन्दा बढी निक्षेप संकलन र १८।८ अर्ब रुपैयाँभन्दा बढी कर्जा परिचालन गरिसकेको छ।

सुलभ कर्जा र आकर्षक ब्याजदरका साथ उत्कृष्ट बैंकिङ सेवा दिँदै आएको फाइनान्सको हाल १ लाख ५० हजारभन्दा बढी सन्तुष्ट ग्राहकहरू रहेका छन्। यो संस्थालाई देशकै अग्रणी फाइनान्स कम्पनीमध्ये एकका रूपमा लिइन्छ।

# एनआईसी एसिया बैंक २८औँ वर्षमा

काठमाडौं । एनआईसी एसिया बैंक २८औँ वर्षमा प्रवेश गरेको छ। यो अवधमिा बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटीएम, ११६ वटा विस्तारित काउन्टर एवं ४२ वटा शाखारहित शाखा सञ्जालबाट सेवा दिँदै आएको बैंकले जनाएको छ।

बैंकले लाखौं ग्राहक गतिशील बैंकिङ्ग पार्टनरको रुपमा जोडिएको उल्लेख गरेको छ। 'देशको अर्थतन्त्रको सबलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङको अभ्यास गर्दै डिजिटल भुक्तानीलाई अझ सशक्त बनाउँदै वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा समेत शाखा विस्तार गरी निर्वाध रुपमा बैंकिङ्ग सेवा देशको कुनाकुनामा पुऱ्याउन हामी सफल भएका छौं', बैंकले उल्लेख गरेको छ।

सम्पूर्ण सरोकारवालाहरूको पहिलो रोजाइको बैंक बन्ने संकल्पका साथ २८ वर्षअघि आजकै दिन एनआईसी एसिया बैंकले सेवा सुरु गरेको थियो। 'हाम्रो अतुलनीय यात्रा यहाँसम्म आइपुग्दा देशकै सबैभन्दा सहज, सबल, गतिशील, विश्वसनीय र उत्तरदायी बैंक बन्दै हामी २८औं वार्षिकोत्सव मनाउन गइरहेका छौं', बैंकले भनेको छ। बैंकप्रति अनवरत रुपमा अगाध स्नेह एवं भरोसा दर्शाइ सबैको "बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि" बन्न अतुलनीय योगदान गर्ने ग्राहक, नियामक निकायहरू, सेयरधनी, कर्मचारीलगायत सम्पूर्ण सरोकारवालाहरूप्रति अनुगृहित रहेको उल्लेख गरिएको छ।

# बेष्ट फाइनान्सको 'ग्रीन सेभिङ्स डिपोजिट प्रडक्ट' सार्वजनिक

काठमाडौं । बेष्ट फाइनान्स लिमिटेडले 'ग्रीन सेभिङ्स डिपोजिट प्रडक्ट' सार्वजनिक गरेको छ । कम्पनीले जलवायु परिवर्तनका जोखिम न्यूनीकरण, वातावरण संरक्षण र हरित अर्थतन्त्र प्रवर्द्धनको अभियानलाई सघाउ पुर्याउने उद्देश्यसहित सो प्रडक्ट सार्वजनिक गरेको हो । नेपाल ग्रीन फाइनान्स ट्याक्सोनोमी, २०२४' लाई मार्गदर्शक मान्दै सार्वजनिक गरिएको यो निक्षेप योजना बेष्ट फाइनान्सको ग्रीन फाइनान्सिङतर्फको महत्वपूर्ण मानिएको छ ।

बेष्ट फाइनान्सले ग्राहकबाट संकलन हुने हरेक ग्रीन सेभिङ्स डिपोजिटवापत एक बिरुवा रोप्ने व्यवस्था मिलाएको छ । स्थानीय निकायहरुसँग सहकार्य गर्दै बिरुवा रोप्ने, गोडमेल गर्ने, संरक्षण गर्ने तथा पाँच वर्षपछि स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यको संयोजन गरिएको छ । उक्त अभियानको कार्यान्वयनका लागि बेष्ट फाइनान्सले लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ एस नेपालसँग साझेदारी गरेको छ ।

यस सहकार्य सम्बन्धी सहमतिपत्रमा बेष्ट फाइनान्सका प्रमुख कार्यकारी अधिकृत बीएन घर्ती र लायन्स डिष्ट्रिक्ट ३२५ एस नेपाल (एरिया १ काठमाण्डौं) का एरिया चिफ कोअर्डिनेटर चिन्तन बज्राचार्यले हस्ताक्षर गरेका छन् । यहि सन्दर्भमा बेष्ट फाइनान्स, लायन्स क्लब र गोदावरी नगरपालिका वडा नं १ को संयुक्त आयोजनामा गोदामचौरस्थित खाली जग्गामा ५०० बिरुवा रोपिएको छ । वृक्षारोपण कार्यक्रममा वडा अध्यक्ष श्रीराज थापा, बेष्ट फाइनान्सका अध्यक्ष प्रा.डा. रामजी गौतम, प्रमुख कार्यकारी अधिकृत बीएन घर्ती, लायन्सका चिन्तन बज्राचार्य, बालकुमार पाण्डे लगायत ५० भन्दा बढी क्लब प्रतिनिधिहरुको उल्लेखनीय सहभागिता थियो ।

# राष्ट्रिय वाणिज्य बैंकका नवनियुक्त अध्यक्ष ढकालद्वारा पदभार ग्रहण



काठमाडौं । नेपालका अग्रणी वाणिज्य बैंकहरूमध्ये एक राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिको नवनियुक्त अध्यक्ष देव कुमार ढकालले पदभार ग्रहण गरेका छन् । साउन २ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकले सर्वसम्मत ढकाललाई अध्यक्ष चयन गरेसंगै उनले पदभार ग्रहण गरेका हुन् ।

उनले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेल समक्ष आफ्नो पद तथा गोपनीयताको शपथ पनि ग्रहण गरेका थिए । ढकालसँग नेपाल राष्ट्र बैंकमा ३० वर्षभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रही सेवा अनुभव रहेको छ। विशेषगरी उनको पृष्ठभूमि वित्तीय प्रणाली, बैंकिङ प्रशासन तथा नियमन प्रणाली विषयमा निकै जानकार रहेको मानिन्छ । पदभार ग्रहण समारोहमा बैंक सञ्चालक समितिका सदस्यहरू महेश भट्टराई, लक्ष्मण घिमिरे, प्रा. डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा. सूर्य बहादुर राना, प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, कम्पनी सचिव प्रमोद अधिकारी, व्यवस्थापन समितिका पदाधिकारीहरू तथा प्रमुख कार्यकारी अधिकृतको कार्यालयका सम्पूर्ण कर्मचारीहरूले उनलाई स्वागत गरेका थिए

राष्ट्रिय वाणिज्य बैंक सन् २०२२ (वि.सं.) मा स्थापना भएको हो र अहिले ७७ वटै जिल्लामा ३०९ शाखा कार्यालयमार्फत करिब ४७ लाखभन्दा बढी सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ । बैंकले प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित हुँदै आफ्ना सेवालाई समयसापेक्ष बनाएर अगाडि बढाउँदै आएको जनाएको छ ।

# नाफा घटेपछि निफ्राको ईपीएसमा पनि गिरावट

काठमाडौं । नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड -निफ्रा) को चालु आर्थिक वर्षको चौथो त्रैमासिक वित्तीय विवरण सार्वजनिक भएको छ। विवरण अनुसार बैंकको खुद नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा १३.८६ प्रतिशतले घटेको छ।

गत वर्षको असार मसान्तसम्म निफ्राले १ अर्ब ३२ करोड ९८ लाख रुपैयाँ खुद नाफा कमाएकोमा यो वर्ष सो घटेर १ अर्ब १४ करोड ५५ लाख रुपैयाँमा झरेको छ। नाफा घटेसँगै बैंकको प्रतिशेयर आम्दानी (भ्एक्र) पनि ६=१६ रुपैयाँबाट घटेर ५.३० रुपैयाँमा झरेको छ। बैंकको खुद ब्याज आम्दानी पनि २५.५१ प्रतिशतले घटेर २ अर्ब ५५ करोड रुपैयाँबाट १ अर्ब ८९ करोड ९८ लाख रुपैयाँमा सीमित भएको छ। त्यसै गरी, खुद सञ्चालन आम्दानी १२.७१ प्रतिशतले घटेर १ अर्ब ९६ करोड ५२ लाख रुपैयाँमा झरेको छ।

तर, बैंकको सञ्चालन नाफा भने उल्लेखनीय रुपमा वृद्धि भएको छ। अघिल्लो वर्ष १९ करोड रुपैयाँ मात्र रहेको सञ्चालन नाफा ७६३ प्रतिशतले बढेर १ अर्ब ६४ करोड रुपैयाँ नाघेको देखिन्छ।

निफ्राको हालको चुक्ता पूँजी २१ अर्ब ६० करोड रुपैयाँ छ भने रिजर्भ कोषमा ४ अर्ब ७ करोड रुपैयाँ रहेको छ। बैंकले २४ अर्ब ८० करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ भने निक्षेप संकलन ७ अर्ब ६८ करोड रुपैयाँ रहेको छ। बैंकको प्रतिशेयर नेटवर्थ ११८.८८ रुपैयाँ छ। यस बैंकले विभिन्न कम्पनीका बण्ड र डिबेञ्चरमा ७ अर्ब २६ करोड रुपैयाँ लगानी गरेको विवरणमा उल्लेख गरिएको छ।

# एनआईसी एशिया बैंकका ग्राहकले एएसजी आई केयरमा छुट पाउने



काठमाडौं । एनआईसी एशिया बैंक र एएसजी आई केयर एण्ड हेल्थ सर्भिस प्रालिबीच सम्झौता भएको छ। बैंकका ग्राहकहरुको आँखा उपचार सेवामा विशेष छुट उपलब्ध गराउने विषयमा सम्झौता सम्पन्न भएको हो ।यस सम्झौतासँगै अब यस बैंकका ग्राहकहरुले एएसजी आई केयर एण्ड हेल्थ सर्भिसमा आँखा उपचार सेवा लिई डिजिटल भुक्तानी गर्दा विभिन्न सेवाहरुमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहक महानुभावहरुले शल्यक्रिया प्रक्रियाहरूमा १५ प्रतिशत वा बढीमा १० हजार रुपैयाँसम्म, माइनर इन्भेष्टिगेशन र अप्टिकलरलेन्समा १० प्रतिशतको छुटका साथै पहिलो पटक सेवा लिने ग्राहकहरुले ओपीडी शुल्क र दर्ता शुल्कमा पूर्ण छुटको सुविधा उपभोग गर्न सक्नेछन् । यस सुविधाको उपभोग गर्न ग्राहकहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैक एपमार्फत भुक्तानी गर्नुपर्ने छ।

यस बैंकले देशभरका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सशक्त रुपमा डिजिटल भुक्तानीको पहुँच विस्तार गर्ने उद्देश्य अनुरुप एएसजी आई केयर एण्ड हेल्थ सर्भिससँगको यस सहकार्यले ग्राहकहरुको स्वास्थ्य उपचार र मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

# डिशहोमले हरेक हप्ता १४ जनालाई ३६५ दिने इन्टरनेट सित्तैमा दिने

काठमाडौं । डिशहोमले आफ्नो इन्टरनेट ग्राहकका लागि 'खुशीको बोनस-३६५ दिन नै बोनस' योजना ल्याएको छ यस योजनामा वार्षिक नयाँ इन्टरनेट जोड्ने वा रिचार्ज गर्नेमध्येबाट हरेक हप्ता १४ जनाले सित्तैमा ३६५ दिनको इन्टरनेट सेवा पाउने भएका छन्।

त्यस्तो १४ जना विजेतामध्ये १० जना वार्षिक नयाँ इन्टरनेट जडान गर्नेमध्येबाट र बाँकी ४ जना हालका वार्षिक रिचार्ज गर्ने ग्राहकमध्येबाट चुनिने डिशहोमले जनाएको छ। विजेताको घोषणा हरेक हप्ता शुक्रबार साँझ ५ बजे नत्र आइतबार साँझ ५ बजे हुने डिशहोमले जानकारी दिएको छ। रिचार्जका लागि खल्ती, ईसेवा वा माईडिशहोम एप प्रयोग गर्न सकिने जनाएको छ। डिशहोमको उपलब्ध वार्षिक प्योकजमा १०० एमबीपीएसका लागि ८ हजार ५०० रुपैयाँ, २०० एमबीपीएसका लागि ११ हजार ५०० रुपैयाँ र ३०० एमबीपीएसका लागि १३ हजार ५५० रुपैयाँ भ्याट सहित वार्षिक रकम लाग्नेछ। नयाँ जडानका लागि भ्याटसहित थप १ हजार १३० रुपैयाँ लाग्ने जनाएको छ।

# एनआईबिएल सहभागिता फण्डले ७ % नगद लाभांश वितरण गर्ने


काठमाडौं । आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट लाभांश घोषणा गर्ने क्रम सुरु भएको छ । सदै झैं म्युचुअल फण्डबाट लाभांश घोषणाको क्रम सुरु भएको हो। जस अनुसार नेपाल इन्भेष्टमेन्ट मेगा बैंक कोष प्रबर्द्धक तथा एनआईएमबि एस क्यापिटल योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालित "एनआईबिएल सहभागिता फण्ड" नामक खुलामुखी योजनाले प्रतिफल घोषणा गरेको हो।

आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षणको कार्य सम्पन्न भई योजना व्यवस्थापकको २०८२/०४/०५ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको १३६ औं बैठकले आर्थिक वर्ष २०८१/ ०८२ का लागि सो योजनाका इकाईधनीहरुलाई कर सहित ७ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो । लाभांश वितरण गर्नको लागि साउन ५ गते बुक क्लोज गरिएको छ । साउन ५ गते गतेसम्म इकाईधनीले उक्त लाभांश पाउन सक्ने छन् । क्यापिटलका अनुसार एनआईबिएल सहभागिता फण्ड को स्वीकृत कोष आकार ६ अर्ब समाप्त भएको हुनाले उक्त सीमा भन्दा माथीको इकाई लगानीकर्ताको हितग्राही खातामा जम्मा नभएता पनि दर्ता किताब बन्द (Book Close) मिति २०८२/०४/०५ सम्म लगानी गर्नुहुने सम्पूर्ण लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट योजनाको आकार वृद्धिको स्वीकृति प्राप्त गरे पश्चात् उपरोक्त लाभांश प्राप्त गर्ने छन्।

"एनआईबिएल सहभागिता फण्ड" एक खुलामुखी योजना रहेको र यस योजनाका इकाईधनीहरुले आफूले प्राप्त गर्ने (कर तथा निर्धारित डिपि शुल्क कट्टी पछिको) लाभांश रकम बराबरले हुन आउने रकम समायोजित मूल्यमा लाभांश पुनः लगानी योजना (Dividend Re–investment Plan) मार्फत उक्त रकमले हुन आउने थप इकाईहरु खरिद गर्न सक्ने समेत सुविधा रहेको छ । यस अघि नै उक्त योजनामा सहभागी हुन आफ्नो नाम दर्ता गराई सकेका योग्य इकाईधनीहरुको हितग्राही खाता (DEMAT Account)मा कोष आकार वृद्धिको स्वीकृती पश्चात् इकाईहरु पठाईने क्यापिटलले जनाएको छ।

क्यापिटलका अनुसार स्वीकृत कोष आकार ६ अर्बसम्मको इकाईको लाभांश दर्ता किताब बन्द पश्चात् बैंक खातामा पठाइने वा लाभांश पुनः लगानी योजना (Dividend Re–investment Plan) गरेको हकमा समायोजित मूल्यमा उक्त रकमले हुन आउने थप इकाईहरु खरिद गरिनेछ। उक्त स्वीकृत कोष सीमा (६ अर्ब) भन्दा माथी भएको इकाई खरिदको हकमा उक्त कोष आकार को वृद्धि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको प्रक्रियामा रहेकोले सो पश्चात् बैंक खातामा पठाइने वा लाभांश पुनः लगानी योजना (Dividend Re–investment Plan) गरेको हकमा समायोजित मूल्यमा उक्त रकमले हुन आउने थप इकाईहरु खरिद गरिनेछ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई अन्नपूर्ण न्यूरोमा १० प्रतिशत छुट




काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट पाउने छन् । यस सम्बन्धी समझदारीमा बैंकका सहायक महाप्रबन्धक तथा चिफ मार्केटिङ अफिसर दिलिप पोखरेल र अन्नपूर्ण न्यूरो अस्पतालका डेपुटी मेडिकल डाइरेक्टर डा. शरद हरी गजुर्यालले हस्ताक्षर गर्नुभएको छ । समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डबाहक एवम् बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले अन्नपूर्ण न्यूरो अस्पतालको सेवाहरुमा १० प्रतिशत छुट पाउनेछन् । अन्नपूर्ण न्यूरो अस्पतालले उपलब्ध गराउने सेवाहरु हेल्थ प्याकेज, प्याथोलोजी, रेडियोलोजी, एम्बुलेन्स सेवा, बेड शुल्क, सर्जरी तथा अन्य विभिन्न सेवा शुल्कहरुमा ग्लोबल आइएमई बैंकका ग्राहकहरुले छुट पाउनेछन् ।

नशा रोगसम्बन्धी सेवाको लागि लोकप्रिय रहेको अन्नपूर्ण न्यूरो अस्पतालले अन्य विशेषज्ञ सेवाहरु समेत उपलब्ध गराउँदै आएको छ । आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर आफ्ना ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर ष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले नेपाली नागरिकहरुलाई बैंकिङ सेवाहरु प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# सिद्धार्थ बैंक नागरिक लगानी कोषमा आवद्ध



काठमाडौं । नागरिक लगानी कोष र सिद्धार्थ बैंक लिमिटेडबीच उपदान तथा अवकाश कोष सञ्चालन सम्बन्धी सम्झौता भएको छ। सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्की र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कँडेलले हस्ताक्षर गरेका छन्।

यो सम्झौतासँगै बैंकले हाल सञ्चालन गर्दै आएको योगदानमा आधारित तथा गैर योगदानमा आधारित उपदान तथा अन्य अवकाश खाताहरू कोषमा हस्तान्तरण भएको छ। हाल बैंकमा कार्यरत करिब २ हजार कर्मचारीहरूको उपदान एवम् अवकाशसँग सम्बन्धित अन्य रकमको व्यवस्थापन तथा सञ्चालन अब कोषले गर्नेछ।

चालु आर्थिक वर्ष २०८२/८३ देखि नेपाल सरकारले साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू नागरिक लगानी कोष लगायतका अन्य कोषमा आवद्ध हुनु पर्ने व्यवस्था गरे बमोजिम आर्थिक ऐन, २०८२ मा भएको संशोधन अनुरूप बैंकले आफूले सञ्चालन गर्दै आएको अवकाश कोष नागरिक लगानी कोषमा हस्तारण गरेको हो

गत असार ३१ गते आन्तरिक राजस्व विभागले एक सूचना जारी गरी आर्थिक ऐन, २०८२ को दफा २३ मा आयकर ऐन, २०५८ बमोजिम साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू सम्वत २०८३ साल असार मसान्त भित्र नागरिक लगानी कोष लगायतका कोषमा आवद्ध हुनु पर्ने व्यवस्थाको जानकारी समेत गराएको छ।

# सिद्धार्थ बैंकका ग्राहकलाई जावेद हबिब हेयर एण्ड ब्युटी सैलुनमा छुट

काठमाडौं । सिद्धार्थ बैंक र जावेद हबीब हेयर एण्ड ब्युटी सैलून बीच बैंकका ग्राहकहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौता अनुसार, ठमेल, छायाँ सेन्टर, काठमाण्डौस्थित जावेद हबीब हेयर एण्ड ब्युटी सैलुनमा ग्राहकहरूले सम्पूर्ण सेवाहरूमा डेबिट कार्ड प्रयोग गरेमा १५५ छुट र क्रेडिट कार्ड प्रयोग गरेमा २५५ सम्मको छुट प्राप्त गर्न सक्नेछन् । यो पहलबाट ग्राहकहरूलाई नगद कारोबारको सट्टा डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन हुने विश्वास बैंकले लिएको छ। साथै, डिजिटल बैंकिङलाई प्रवर्द्धन गर्दै ग्राहकलाई सुविधाजनक सेवा प्रदान गर्नु नै यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको बैंकले जनाएको छ।

# एशियन लाइफका अध्यक्ष श्रेष्ठले लिए पद तथा गोपनीयताको सपथ

काठमाडौं। एशियन लाइफ इन्स्योरेन्सका अध्यक्ष दिपक कुमार श्रेष्ठले पद तथा गोपनीयताको सपथ ग्रहण गरेका छन्। अध्यक्ष श्रेष्ठले आज साउन ६ गते नेपाल बीमा प्राधिकरणका अध्यक्ष सेवन्तक पोखरेलबाट पद तथा गोपनीयताको सपथ ग्रहण गरेका हुन्। कम्पनीको गत असार ३० गते सम्पन्न भएको १७ औं वार्षिक साधारणसभाबाट निर्वाचित नयाँ सञ्चालक समितिको बैठकले अध्यक्ष पदमा श्रेष्ठलाई निर्विरोध चयन गरेको थियो।

# वार्षिक शुल्क बुझाउन हितग्राही धनीलाई सिद्धार्थ क्यापिटलको आग्रह

काठमाडौं । सिद्धार्थ क्यापिटलले हितग्राही खाताधनीहरुलाई वार्षिक शुल्क बुझाउन आग्रह गरेको छ । क्यापिटलले आफ्ना हितग्राही खाताधनीहरुलाई बुझाउन बाँकि वार्षिक १ सय रुपैयाँ नविकरण शुल्क बुझाउन आग्रह गरेको हो ।

सिद्धार्थ क्यापिटल तथा आफूलाई पायक पर्ने सिद्धार्थ बैंक लिमिटेड तथा विभिन्न शाखा कार्यालयमा सम्पर्क राखी हितग्राही खातावालाको नाम थर र हितग्राही खाता नम्बर तथा कुन आर्थिक वर्षको शुल्क हो अनिवार्य उल्लेख गरी साउन १५ गतेभित्र बुझाउन आग्रह गरेको छ ।

नविकरण शुल्क प्रभु पे, इसेवा, खल्ति, कनेक्ट आइपिएस मार्फत भुक्तानी गर्न सकिनेछ । मेरो शेयर लिएका हितग्राहीधनीले सो संचालनमा आएको एक वर्षको अवधिभित्र नविकरण शुल्क नतिरे सेवा स्वत बन्द हुने समेत जनाएको छ ।

# नेबिको लिमिटेडले आईपीओ निष्काशन गर्ने




काठमाडौं। नेपालको एक पुरानो र प्रख्यात खाद्य उत्पादन कम्पनी नेबिको लिमिटेड ले सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन आइपोओ ल्याउने भएको छ। कम्पनीले कुल २० करोड रुपैयाँ बराबरको सेयर निष्काशन गर्ने तयारी गरेको हो। आईपीओ निष्काशनका लागि नेबिकोले सिद्धार्थ क्यापिटल लिमिटेड लाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। सो सम्बन्धी सम्झौता २०८२ साल साउन ८ गते, काठमाडौं नक्सालस्थित सिद्धार्थ क्यापिटलको कार्यालयमा सम्पन्न भएको हो।

सम्झौतापत्रमा नेबिको लिमिटेडका तर्फबाट अध्यक्ष राज बहादुर सिंह र सिद्धार्थ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सन्दिप कार्की ले हस्ताक्षर गरेका छन्। नेबिको लिमिटेड सन् १९६४ मा स्थापना भएको, नेपालकै पुराना खाद्य उत्पादन कम्पनीहरूमध्ये एक हो।

कम्पनीले काठमाडौंको बालाजु औद्योगिक क्षेत्रमा रहेको मुख्य कारखानाबाट साथै हेटौंडा र भैरहवाका अन्य इकाइहरूबाट बिस्कुट तथा कन्फेक्शनरी उत्पादन गर्दै आइरहेको छ। हाल कम्पनीको वार्षिक उत्पादन क्षमता १,५०० मेट्रिक टन रहेको छ। नेबिकोको व्यापार नेपालका विभिन्न प्रमुख खाद्य क्षेत्रमा फैलिएको छ, र यो आईपीओले कम्पनीलाई अझ व्यापक विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सिटिजन्स बैंक र ई-स्पोट नेपालबीच समझदारी



काठमाडौं। सटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नागपोखरी, काठमाण्डौ स्थित ई-स्पोट नेपालबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ।सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले ई-स्पोट नेपालको सम्पूर्ण आउटलेटमा ५ प्रतिशत इभी चार्जिङ्ग र ५ प्रतिशत फुडमा गरी १० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड"भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एप मार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ।

बैकले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६७ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख १९ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# सानिमा बैंकको अनलाइन ई-कम कार्डमा टप अप सुविधा




काठमाडौं। सानिमा बैंकले ई कम भिसा कार्ड प्रयोगकर्ताहरुका लागि अनलाइन मार्फत कार्डमा टप अप गर्न मिल्ने सुबिधाको सुरुवात गरेको छ। ई कम भिसा कार्ड प्रयोगकर्ताहरुले अब आफूलाई पायक पर्ने जुनसुकै समय र स्थानबाट सानिमा यूएस डी ई कम भिसा कार्डमा टप अप गर्न सक्नेछन्। ग्राहकहरुले सानिमा सजिलो ईबैकिङ्ग एप वा बैंकको आधिकारिक वेबसाइटमा अनलाइन सर्भिसेस अन्तर्गतको कार्ड सर्भिसबाटमा आफ्नो विवरणहरु राखेर टप अप गर्न सक्नेछन्।

ग्राहकहरुले बैंक खातामा रजिस्टर भएको मोबाइल नम्बर वा इमेल, बचत खाता नम्बर र उपलब्ध ऋबउतअजब राखेर टप अपको प्रकिया अगाडि बढाउन सक्नेछन्। साथै, उक्त प्रकियाका लागि मोबाइल नम्बर वा इमेलमा प्राप्त भएको ओटीपी राखे पश्चात् कार्डमा तुरुन्तै टप अप हुनेछ। सानिमा बैंकको देशको सातै प्रदेशमा १३४ वटा कार्यालयहरु तथा १२७ वटा एटिएमहरु संचालनमा रहेका छन्।

# १० वर्षदेखि निष्क्रिय खाता बन्द गर्दै प्राइम बैंक




काठमाडौं। खातामा पैसा नभएका र लामो समयदेखि निष्क्रिय रहेका खाताहरुलाई प्राइम बैंकले बन्द गर्ने भएको छ। बैंकले बिहीबार सार्वजनिक सूचना निकाल्दै १० बर्षदेखि संचालन नभई शून्य मौज्दातमा रहेका निष्क्रिय रहेका खाताहरुलाई बन्द गर्न लागेको हो। उक्त अवधिभर कुनै कारोबार नभएको र खातामा पैसा पनि नभएको अवस्थामा मात्रै बैंकले बन्द गर्ने जनाएको छ।

यद्यपि त्यस्ता खाताहरू पुनः सञ्चालनमा ल्याउन चाहेकमा खातावालहरुले यो सूचना प्रकाशित भएको ७ दिन भित्र बैंकको जुनसुकै शाखाकार्यलयमा गएर सूचारु गर्न सक्नेछन्। यदि उक्त समयमा सूचनारु गर्न नसकेमा बैंकले स्वत त्यस्ता खाताहरुलाई बन्द गर्ने जनाएको छ।

# बीमा प्राधिकरणको सञ्चालक समितिबाट बाहिरिइन् पोखरेल



काठमाडौं। नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिबाट महिला सदस्य राधाकुमारी पोखरेल बाहिरिएकी छिन्। सञ्चालक समितिको महिला सदस्यबाट राजीनामा दिएसँगै वेबसाइटबाट उनको नाम हटाइएको छ। पोखरेलले केही दिनअघि राजीनामा दिएपनि आइतबार मात्रै आफ्नो राजीनामा स्वीकृत भएको बताइन्। आफ्नो स्वास्थ्य अवस्थाको कारणले गर्दा प्राधिकरणमा समय दिन नसकेको कारण खुलाउँदै उनले राजीनामा दिएकी हुन्।

केही दिनअघि राजीनामा गरे पनि प्राधिकरणले वेबसाइटमा भने सञ्चालक समिति सदस्यहरूको विवरण मंगलबार मात्र अद्यावधिक गरेको छ। सञ्चालक समितिमा अध्यक्ष सेवन्तक पोखरेल, सदस्यद्वय मानबहादुर अर्याल र सन्तोष रिजाल मात्र छन्। प्राधिकरणको सदस्य पदमा नियुक्त हुँदा धेरैले उनको नियुक्तिमा प्रश्न उठाएका थिए। अर्थमन्त्री विष्णु पौडेलले मन्त्रीस्तरीय निर्णयका आधारमा चैत १ गतेदेखि लागू हुने गरी पोखरेललाई विज्ञ महिला सदस्यका रूपमा नियुक्त गरेका थिए।

# उत्कृष्ट वित्तीय प्रतिवेदनको गोल्ड अवार्डबाट नबिल बैंक सम्मानित



काठमाडौं। नबिल बैंक लिमिटेड नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) बाट वार्षिक रुपमा प्रदान गरिने उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड, २०२४ (**National Best Presented Annual Report Award –NBPA** - २०२४) द्वारा सम्मानित भएको छ।

आइक्यानले आर्थिक वर्ष २०२३/२४ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि बैंकिङ क्षेत्रमा अब्बल ठहर गर्दै उक्त अवार्ड प्रदान गरेको हो। आर्थिक वर्ष २०२२/२३ मा पनि नबिल बैंकले गोल्ड अवार्ड हात पारेका थिए।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा माननीय महालेखापरिक्षक तोयम रायले नबिल बैंकका वित्त प्रमुख सन्दिप बाबु पौडेललाई अवार्ड हस्तान्तरण गरेका थिए। बैंकको उक्त पुरस्कृत वार्षिक प्रतिवेदन नेपालको तर्फबाट दक्षिण एसिया फेडेरेसन अफ एकाउन्टेन्टस् (साफा) ले दक्षिण एसियाली स्तरमा आयोजना गर्ने साफा बिपिए अवार्डका लागि समेत मनोनित हुनेछ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो। नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ। नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ।

# बोटलर्स नेपाल -तराईले बुझायो ७८ करोड कर




काठमाडौं। बोटलर्स नेपाल -तराई लिमिटेडले ठूलो करदाता कार्यालयसँग कर सम्बन्धी दायित्व भुक्तानी गरेको छ। कम्पनीले धितोपत्र दर्ता तथा निर्गमन विनियमावली, २०७३ को नियम २६(५) तथा धितोपत्र सूचीकृत विनियमावली, २०७५ को नियम २२-१) बमोजिम भुक्तानी गरेको हो।

वित्त विधेयक २०८२ को दफा ३० बमोजिम कम्पनीले कुल रु ७८ करोड ६ लाख ६८ हजार बराबरको कर रकम दाखिला गरेको जनाएको छ। सो कर रकमको आधिकारिक रसिद कम्पनीले २०८२ साउन ७ गते (२०२५ जुलाई २२) मा ठूलो करदाता कार्यालयबाट प्राप्त गरेको छ।

# नेशनल लाइफ धनगढी शाखाद्वारा ३० लाख रूपैयाँ दाबी भुक्तानी



काठमाडौं। नेशनल लाइफ इन्स्योरेन्स कम्पनीको धनगढी शाखाले बीमित डम्बर बहादूर क्षेत्रीको परिवारलाई ३० लाख रुपैयाँ मृत्यु दाबी भुक्तानी गरेको छ।

कम्पनीले बीमित क्षेत्रीको श्रीमती सुष्मा क्षेत्रीलाई २७ लाख ६१ हजार ५७७ रुपैयाँको चेक घरमै गएर हस्तान्तरण गरेको छ। कुल दाबी रकम २९ लाख ९३ हजार ३३३ बाट कम्पनी बाट बीमतले लिएको ऋण रकम २ लाख ३१ हजार ७५६ घटाएर कम्पनी ले २७ लाख ६१ हजार ५७७ रकमको चेक हस्तान्तरण गरेको हो। कम्पनीबाट २०७८ माघ २९ गते २५ लाख बीमांक रकमको बीमा गरेका पुर्नवास नगरपालिका-६ कन्चनपुर निवासी स्वर्गिय डम्बर बहादुर क्षेत्रीको गत चैत २५ गते असामयिक निधन भएको थियो।

कम्पनीका सुदुरपश्चिम प्रदेश प्रमुख नबिन किशोर भट्टसहित धनगढी शाखाका कर्मचारी, अभिकर्ता तथा २ दर्जन भन्दा बढी स्थानीयको उपस्थितिमा कम्पनीले एक कार्यक्रम गरी दाबी भुक्तानी गरेको हो।

प्रदेश प्रमुख भट्टले जीवन बीमा आफ्नो भविष्यको लागि बचत गर्ने प्रक्रिया संगै आफ्नो अनुपस्थितिमा परिवारमा आर्थिक संकट हुन नदिने सर्वोत्तम बचत रहेको बताए। बीमा अझै पनि जनताको प्राथमिकतामा नरहेको सन्दर्भमा कम्पनीद्वारा सहज ढङ्गले यसरी घरमै आएर दाबी रकम उपलब्ध गराउँदा आफ्नो अझै विश्वास बढेको कार्यक्रममा सहभागी स्थानीयहरुले बताएका छन।

कमाउने घरमुलिको निधनले परिवारमा पर्न गएको आर्थिक भारमा कम्पनीबाट प्राप्त दाबी रकमले ठुलो राहत पुगेको भन्दै बीमित क्षेत्रीको श्रीमतीले जीवन बीमा अनिवार्य गराउनु पर्ने बताएकी छिन्।

# सन नेपाल लाइफद्वारा ५०० करोड कुल बिमाशुल्क संकलन




काठमाडौं। सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा ५०० करोड रुपैयाँ भन्दा बढी कुल बिमाशुल्क आर्जन गरेको छ। कम्पनीले वैदेशिक रोजगार म्यादी जीवन बिमा बाहेक परम्परागत जीवन बिमामा नै प्रथम बिमाशुल्कमा ६१.०६ प्रतिशतको वृद्धि गरेको छ।

पछिल्लो वर्षमा ७२.११ करोड प्रथम बिमाशुल्क आर्जन गरेकोमा यस सर्ष कम्पनीले ११६.१४ करोड प्रथम बिमाशुल्क आर्जन गरेको छ। त्यस्तै वैदेशिक रोजगारमा गत वर्ष ८४.१८ करोड बिमाशुल्क आर्जन गरेकोमा यस वर्ष १०४.२३ करोड गरी २३.८१ प्रतिशतको वृद्धि भएको छ।

साथै नविकरण बिमाशुल्क २३२.१२ करोडबाट यस बर्ष २८०.०१ करोड बिमाशुल्क आर्जन गरी नविकरण बिमाशुल्कमा २०.६७ प्रतिशतको वृद्धि गरेको छ। समग्रमा गत वर्ष जम्मा ३८८.४० करोड बिमाशुल्क प्राप्त गरेकोमा यस वर्ष कम्पनीले उल्लेखनीय २८.८५ को वृद्धि सहित करोड भन्दा बढी कुल बिमाशुल्क आर्जन गरेको हो। कम्पनीले हाल देशैभरबाट १४० शाखा उपशाखाबाट आफ्नो बिमा सेवा प्रदान गरिरहेको छ।

# अग्नि ग्रुपको नयाँ लजिस्टिक्स सेन्टर हेटौंडामा



काठमाडौं । अग्नि ग्रुपले अग्नि लजिस्टिक्स प्रालिमार्फत हेटौंडामा नयाँ 'लजिस्टिक्स सेन्टर' सुरु गरेको छ भने अग्नि इन्कर्पोरेटेड प्रालिमार्फत महिन्द्राका २ नयाँ गाडी 'महिन्द्रा बोलेरो नियो एसयूभी' र 'महिन्द्रा जीओ ईभी' पनि एकसाथ सार्वजनिक गरेको छ। बुधबार हेटौंडामा सम्पन्न विशेष 'लजिस्टिक्स उद्घाटन तथा प्रडक्ट लन्च समारोह' मार्फत नयाँ 'लजिस्टिक्स सेन्टर' शुभारम्भ तथा गाडीहरूको सार्वजनिकीकरण गरिएको हो।

समारोहमा बागमती प्रदेशका मुख्य सचिव भुपाल बराल, अग्नि ग्रुपका अध्यक्ष क्याबिनेट श्रेष्ठ, प्रबन्ध निर्देशक सुसन श्रेष्ठ, कार्यकारी निर्देशक अर्जुनप्रसाद शर्मा, उपाध्यक्ष वेदासताषा श्रेष्ठ, महिन्द्रा एन्ड महिन्द्राका नेपाल, भुटान र बंगलादेशका लागि क्षेत्रीय प्रबन्धक चैतन्य कागलकरद्वारा अग्नि ग्रुपका विशेष पदाधीकारीहरू, महिन्द्रा एन्ड महिन्द्राका विशेष पदाधीकारीहरू, नेपालका लजिस्टिक्स विशेषज्ञ लगायत उपस्थित थिए।

बागमती प्रदेशका मुख्य सचिव भुपाल बराल र अग्नि ग्रुपका अध्यक्ष क्याबिनेट श्रेष्ठले ताम्रपत्र अनावरण गरी लजिस्टिक्स सेन्टर उद्घाटन गरे ।महिन्द्राका दुई नयाँ सवारीसाधन महिन्द्रा जिओ र महिन्द्रा बोलेरो नियो पनि नेपालमा सार्वजनिक गरिएको छ । महिन्द्राको नयाँ एसयूभी महिन्द्रा बोलेरो नियोमा १४९३ सीसीको एमहक १०० बीएसभीआई इन्जिन, थर्ड जेनेरेसन स्कोर्पियो च्यासिस, ३८४ लिटरको फराकिलो बुट स्पेस, ७ सिटर कन्फिगरेसन तथा प्रिमियम इटालियन लेदर इन्टेरियरले छ।

यो सुविधाले व्यावसायिक, निजी पारिवारिक, हरेक यात्रालाई अझै आरामदायी र सुविधाजनक बनाउँछ। 'सहयात्री तपाईंको, हरेक यात्राको' नारासहित सार्वजनिक गरिएको महिन्द्रा बोलेरो नियो बहुउपयोगी एसयूभी हो । नेपाली भूगोलका लागि निर्मित महिन्द्रा बोलेरो नियोले महिन्द्रा बोलेरोको वर्षौंदेखिको विश्वास कायम गर्दै व्यक्ति तथा व्यवसायीलाई हरेक यात्रामा सहयात्रीका रूपमा साथ दिन्छ। त्यसैगरी महिन्द्रा लास्ट माइल मोबिलिटी अन्तर्गत नयाँ महिन्द्रा जीओ २ फरक भेरिएन्टमा सार्वजनिक गरिएको छ 'ईभी डेलिभरी भ्यान' र 'ईभी पिकअप' ।

महिन्द्रा जीओ व्यावसायिक प्रयोजनका लागि तयार पारिएको विद्युतीय गाडी हो । ' अघि बढ्छ व्यवसाय बिजुलीको गतिमा, जब छ महिन्द्रा जीओ तपाईंको साथमा' भन्ने नार ासहित सार्वजनिक गरिएको यो सवारीसाधनमा ३० किलोवाट क्षमताको इलेक्ट्रिक मोटर, एकै चार्जमा १ सय ६० किलोमिटर रेन्ज र ३ वर्ष वा १ लाख २५ हजार किलोमिटरको ब्याट्री वारेन्टीले यसलाई व्यावसायिक प्रयोगकर्ताका लागि भरपर्दो र किफायती विकल्पका रूपमा प्रस्तुत गरेको छ । कम सञ्चालन लागतमा सहरभित्र दैनिक खाद्यान्न, खानेपानी, तरकारी आदि उपभोग्य वस्तु डेलिभरी गर्न महिन्द्रा जीओ उपयुक्त विकल्प हो।

अग्नि लजिस्टिक्सका लजिस्टिक्स सेन्टर काठमाडौं महानगरपालिका-१५ सानोभऱ्याङ, हेटौंडा उपमहानगरपालिका-७ न्युरेनी, इटहरी उपमहानगरपालिका-१ आँपगाछी र भैरहवा नजिक रुपन्देही ओमसतिया गाउँपालिका-४ बसन्तपुर गरी देशभरि चार स्थानमा छन्। कम्पनीका सबै लजिस्टिक्स सेन्टर राजमार्ग तथा विमानस्थल नजिक पहुँच भएको र प्रदेशका मुख्य व्यापारिक क्षेत्रमा पर्दछन्।

**कस्ता विशेषता छन् अग्निका लजिस्टिक्स सेन्टरमा ?**

नेपाली व्यवसायहरूको मेरुदण्डका रूपमा काम गर्दै, उन्नत र कार्यकुशल (इफिसिएन्ट) लजिस्टिक्स सुविधा ग्राहक नजिक पुऱ्याउने प्रतिबद्धतालाई पूर्णता दिँदै सुरु गरिएको नयाँ लजिस्टिक्स सेन्टर तथा वेयरहाउस अत्याधुनिक पूर्वाधारले भरिपूर्ण छ। काठमाडौंको लजिस्टिक्स सेन्टरले १७ हजार ६ सय ५० वर्गफिट क्षेत्रफल ओगटेको छ जुन १० वटा भलिबल कोर्ट बराबर हो। उक्त क्षेत्रफलमा १ सय १८ वा प्यालेट पोजिसन रहेको छ जसमा ५ सय ७६ वटा लङस्प्यान सेल्भिङ सुविधा सहित कुल भण्डारण क्षमता ९ सय ७७ घनमिटर छ।

त्यसैगरी हेटौंडास्थित लजिस्टिक्स सेन्टरमा कुल ३३ हजार १ सय ६७ वर्गफिट क्षेत्रफलमा २ हजार २ सय घनमिटरको कुल भण्डारण क्षमता, १ हजार ५० वटा प्यालेट पोजिसन र ४ सय ३२ वटा लङस्प्यान सेल्भिङ सुविधा छ। त्यसैगरी भैरहवास्थित लजिस्टिक्स सेन्टरमा कुल ३७ हजार ६ज सय ६२ वर्गफिट क्षेत्रफल छ जुन २१ वटा भलिबल कोर्ट बराबर हो । उक्त क्षेत्रफलमा २ हजार ४ सय ९८ घनमिटरको कुल भण्डारण क्षमता उपलब्ध छ। जसमा ६ सय ६ वटा प्यालेट पोजिसन र १ हजार ४ सय ५ वटा लङस्प्यान सेल्भिङ सुविधा छ।

उता, इटहरीको लजिस्टिक्स सेन्टर कुल ७ हजार २ सय ७२ वर्गफिट क्षेत्रफलमा ३ सय ८० घनमिटरको कुल भण्डारण क्षमता उपलब्ध छ जसमा ९५ वटा प्यालेट पोजिसन र ३ सय वटा लङस्प्यान सेल्भिङ छ। अग्नि लजिस्टिक्सको सम्पूर्ण काम अत्याधुनिक र विश्वस्तरको लजिस्टिक्स तथा सुरक्षा मापदण्डमा सञ्चालन गरिन्छ। लजिस्टिक्स सेन्टरमा सामग्री नाप्न-जोख्न, ओसारपसार र व्यवस्थापन गर्न तालिमप्राप्त दक्ष जनशक्ति, फोर्कलिफ्ट, प्यालेट स्ट्याकर, पावर्ड प्यालेट ट्रक, ह्यान्ड प्यालेट ट्रकजस्ता उपकरण व्यवस्था गरिएको छ । सामग्रीको सुरक्षामा ध्यान दिँदै लजिस्टिक्स सेन्टरले चौबिसै घण्टा सीसीटीभी निगरानी, स्मोक डिटेक्टर, फायर हाइड्रेन्ट्स र फायर एक्सटिङ्ग्विसर आदि व्यवस्था गरेको छ । साथै, डिजिटल युगको आवश्यकता ध्यानमा राख्दै डिजिटल लाइभ इन्भेन्टरी ड्यासबोर्ड, डिजिटल इन-आउट र भुक्तानी हिस्ट्री आदि सुविधा पनि छ।

विभिन्न दस्तावेज भण्डारण गर्न क्लाइमेट-पेस्ट-कन्ट्रोल, र चौबिसै घण्टा सुरक्षा र सर्भेलेन्स सहित विकेन्द्रिकृत भण्डारण सुविधा छ। त्यसैगरी देशका हरेक कुनामा ढुवानी सम्भव हुने गरी कम्पनीले जनरल क्यारियर, बाइक क्यारियर, प्लेटफर्म ट्रक, क्रेन-माउन्टेड ट्रक वा बोलेरो पिकअप जस्ता क्यारियर आदिद्वारा इन्टरसिटी (एक सहरदेखि अर्को सहर) र इन्ट्रासिटी (सहरभित्र) छिटो र भरपर्दो डेलिभरी सेवा प्रदान गर्दछ। यस अन्तर्गत दक्ष र अनुभवी ड्राइभरसहित रियल टाइम 'जीपीएस' ट्र्याकिङ सुविधाको व्यवस्था छ । कम्पनीले विभिन्न प्रकारका ग्राहकलाई थ्रि-पीएल सेवा अन्तर्गत खरिद (प्रोक्योरमेन्ट), लजिस्टिक्स, भन्सार क्लियरेन्स, भेन्डर व्यवस्थापन, इम्पोर्ट-एक्स्पोर्ट डकुमेन्टेसन तथा अन्य भ्यालु-एडेड सेवा लगायत प्रदान गर्दै आइरहेको छ।

वेयरहाउस अन्तर्गत सवारीसाधन तथा अटोपार्ट्सको गोदाम व्यवस्थापन, फास्ट मुभिङ कन्जुमर गुड्स (एफएमसीजी), ई-कमर्स आदि मालसामान 'पिकअप, प्याकिङ, सिपिङ, सामान-फिर्ता व्यवस्थापन लगायत सेवा प्रदान गर्दछ । कम्पनीले आफ्नो लजिस्टिक्स सेन्टर हरूमा 'पीडीआई' (प्रि-डेलिभरी-इन्स्पेक्सन) प्रणाली अवलम्बन गर्दछ जसले यस सेन्टरबाट वितरण हुने प्रत्येक मालसामानको गुणस्तरलाई विभिन्न बुँदामा जाँच गर्दै सुरक्षा र सही डेलिभरी सुनिश्चित गर्दछ । यिनै सुविधा, संरचना र प्रतिबद्धता सहित अग्नि लजिस्टिक्सले नेपालमा लजिस्टिक्सको गुणस्तरमा नयाँ मापदण्ड स्थापित गरेको जनाएको छ।

## सिटिजन लाईफको व्यापार २१ % बढ्यो

काठमाडौं । सिटिजन लाईफ इन्स्योरेन्स लिमिटेडले गत आर्थिक वर्ष २०८१।८२ मा ७ अर्ब ५१ करोड रूपैयाँ कुल बीमाशुल्क संकलन गरेको छ। इन्स्योरेन्सले अघिल्लो आर्थिक वर्ष २०८०।८१ को तुलनामा कुल बीमाशुल्क २०.८३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आवमा ६ अर्ब २१ करोड ५३ लाख रूपैयाँ कुल बीमाशुल्क संकलन गरेको थियो। अघिल्लो आवमा कुल बीमाशुल्क आम्दानी जम्मा ५ प्रतिशतले वृद्धि भएको थियो। इन्स्योरेन्सले गत आवमा वैदेशिक रोजगारी बीमालेखको बीमाशुल्क समेत २ अर्ब ३८ करोड रूपैयाँ प्रथम बीमाशुल्क आम्दानी गरेको छ । अघिल्लो आर्थिक वर्ष २०८०।८१ मा १ अर्ब ९६ करोड रूपैयाँ प्रथम बीमाशुल्क संकलन गरेको थियो। प्रथम बीमाशुल्क आम्दानी २१.४२ प्रतिशतले वृद्धि भएको थियो।

## पोखरा र समृद्धि फाइनान्स मर्जरमा गए

काठमाडौं । पोखरा फाइनान्स र समृद्धि फाइनान्स मर्जरमा गएका छन्। दुई कम्पनीहरूले आइतबार बिहान मर्जरसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौतामा संयोजक सुदीप घिमिरे पोखरा फाइनान्सका तर्फबाट संयोजक तिलबहादुर गुरुङले हस्ताक्षर गरेका छन्। दुवै कम्पनी बराबर हैसियत रहने गरी पोखरा फाइनान्स र समृद्धि फाइनान्स एकआपसमा गाभिएका हुन् । १ बराबर १ सेयर स्वाप रेसियोमा रहेर दुई कम्पनी एक मर्जरमा गएका हुन्। मर्जरपछि यी दुई फाइनान्सले पोखरा फाइनान्सको नाममा एकीकृत कारोबार गर्नेछन्।

## कामना सेवा विकास बैंक सम्मानित

काठमाडौं । कामना सेवा विकास बैंक चार्टड एकाउन्टेन्ट संस्थाबाट वार्षिक रुपमा प्रदान गरिने राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड २०२४ बाट सम्मानित भएको छ। बैंकले वित्तीय सेवा क्षेत्र तर्फको विधामा प्रदान गरिने गोल्ड अवार्ड प्राप्त गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट संस्था (आईक्यान) ले आर्थिक वर्ष २०२३।२४ को वार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहीता र सुसासनका लागि उक्त अवार्ड प्रदान गरेको हो। बैंकले आफ्नो १८ औं वार्षिक साधारण सभामा पेश गर्नको लागि तयार गरेको वित्तीय विवरणमा शेयरधनी तथा सरोकारवालाहरुलाई बैंकको विवरण उत्कृष्ट तवरले प्रस्तुत गरेको थियो ।

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं । लैगिक हिंसा( वरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं । सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।
- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं । सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
- पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं । चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा घर बाहिर जानै परे आगो निभाएर मात्रै जाउँ ।
- चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि १० लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ । घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुऱ्याई सभ्य समाजको निर्माणमा जुटौं ।
- धुम्रपान तथा सूर्तिसेवनको प्रयोग नगर्ने । धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ । धुम्रपान तथा सुर्तिसेवन त्यागेकै दिन देखि हृदयघातको सम्भावना घट्दै जान्छ युवावस्था देखि नै धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हन्छ ।

विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

टोखा नगरपालिका
नगरकार्यपालिकाकोकायालर्य
काठमाडौं, बागमती प्रदेश, नेपाल

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४

## बड्डीचौर-खम्बगाडे सडकः

# तीन वर्षपछि रुख काट्न सम्झौता, असारसम्म कालोपत्रे

सुर्खेत । तीन वर्षदेखि अलपत्र जस्तै बनेको बड्डीचौर-खम्बगाडे सडकको विवाद अन्तत टुंगिएको छ। सडक निर्माण पूर्व गरिनुपर्ने कानुनीगत प्रक्रिया पूरा नगरेर प्रदेश सरकारले ठेक्का व्यवस्थापन गर्दा निर्माणले गति लिन सकेको थिएन्। संघीय सरकारको स्वामित्वको सडक हुनु र रुख कटानका अल्झन जस्ता कारणले असार ०७९ मै ठेक्का आह्वान गरिएको सडकको निर्माण कछुवा गति थियो । तीन वर्षपछि अन्तत रुख कटानका लागि वन तथा भू संरक्षण विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय र कर्णाली प्रदेशको पूवाधार विकास निर्देशनालयविच त्रिपक्षीय सम्झौता भएको छ। बड्डीचौर-खम्बगाडे सडकको दुरी १३ किलोमिटर छ । सडक विस्तारको क्रममा रहेका रुखहरु हटाउन प्रक्रियागत ढिलाइले निर्माण सुस्त छ। सडकमा पर्ने ८६४ वटा विद्युतका पोल र रुख हटाउने अवरोध खुलेको हो।




रुख कटानको लागि सम्झौता गरिएसँगै सडक निर्माणले गति लिने पूर्वाधार विकास निर्देशनालय सुर्खेतका प्रमुख सूर्यबहादुर शाही बताउँछन् । 'निर्माणकै चरणदेखि विविध समस्याहरु सिर्जना भए,' शाही भन्छन्, ' प्रक्रियागत रुपमा विवाद सल्टाउदै जाँदा अन्तिम चरणको रुख कटान सम्झौता गरेका छौं । कम्तिमा एक हप्ताभित्र रुख काट्न शुरु गर्छौं ।' अहिले बड्डीचौर बजारदेखि गिभिनेसम्म झण्डै ६ किलोमिटर र खम्बगाडेतर्फ एक किलोमिटर सडकमा नाला, सपोर्ट वाल र कल्भर्ट निर्माण गरिएको छ। ब्यूरेनी क्षेत्रमा रुखका कारण सडक विस्तारको काम रोकिएको थियो।

असार २०८१ मै कालोपत्रे सकिसक्नु पर्नेमा निर्माण व्यवसायीले रुखको कारण देखाउँदै निर्माणमा ढिलाइ गरिरहेको थियो । 'रुख कटान लगत्तै निर्माणको गति बढ्छ,' शाही भन्छन्, 'अल्झनहरु सबै टुंगिएकाले आगामी असारसम्म कालोपत्रे सकिन्छ ।' सडक ट्र्याक खोलीको करिव ३० वर्षपछि पश्चिम सुर्खेतको बड्डीचौर-विद्यापुर-वेनीघाट सडक कालोपत्रे गर्न तीन खण्डमा काम भइरहेको छ। मदन भण्डारी राजमार्ग नामाकरण गरिएको सडकको पहिलो खण्डअन्तरगत बड्डीचौरदेखी कालोपत्रे गर्न ४२ करोड ४७ लाख ६१ हजारमा अनक जयदेवी जेभी बाँकेले सम्झौता गरेको हो।

जयदेवीका सञ्चालकले अपेक्षाकृत काम गर्न नसकेपछि अनकले निर्माणको पूरै जिम्मेवारी लिएको छ । रुख कटान साउन महिनाभित्रै सकिए असारसम्म काम सक्ने बचन अनकले निर्देशनालयलाई दिएको छ । बड्डीचौरलाई शून्य विन्दु मानेर तीन वर्षअघि नै यो सडकको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गरिएको थियो। तर संघ सरकारले सडक निर्माणमा चासो नदेखाएपछि कर्णाली प्रदेश सरकारले पश्चिम नागरिकलाई सहज यात्राका लागि सडक कालोपत्रे गर्न अपनत्व लिएको हो । खम्बगाडे-बावियाचौर र बावियाचौर-विद्यापुर १० किलोमिटर सडक निर्माणको जिम्मा डिभिजन सडक कार्यालय सुर्खेतले लिएको छ।

**मदन भण्डारी राजमार्गको काम धामधम**

मदन भण्डारीले सुर्खेतमा मात्रै झण्डै १५८ किलोमिटर पर्छ । योमध्य भेडावारी-बोटेचौर-रैकर-बालुवासंग्रही (छिन्चु-जाजरकोड-डोल्पा) सडक करिव १२, धुलियाविट-बाँगेशीमल (फोरलेन) सडक आठ र बाँगेशीमल-बड्डीचौर (कर्णाली राजमार्ग) सडक ३० किलोमिटर कालोपत्रे भइसकेको छन्।

बाँकी खण्डमा मदन भण्डारी र कर्णाली सरकारले काम गरिरहेकाले अबको तीन वर्षमा यो राजमार्गले पूर्णता पाउँदैछ । मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतले पूर्वमा २८ असार २०७८ बाट काम थालेको हो । २०३२ सालमा ट्र्याक खोलिएको धुलियाविट-भेडावारी सडक ४६ वर्षमा कालोपत्रेका लागि ठेक्का लागेको हो । ३५ किलोमिटर दुरीको सडकको कालोपत्रे अन्तिम चरणमा छ। कालिका केएस भेरासी जेभीले एक अर्ब तीन करोड लागतमा निर्माण गरिरहेको छ।

सुर्खेत पश्चिमको बड्डीचौरबाट मदन भण्डारी राजमार्ग लगाम भएर पाल्पाघाट जोडिन्छ । यो खण्डमा राजमार्गको दुरी ८५ किलोमिटर छ । तर यो सडकको ट्र्याक २०५१ सालमा खोलिएको हो। मदन भण्डारी राजमार्ग योजनाले विद्यापुर-गुटु-विजौरा-बल्दे २२ किलोमिटर सडक निर्माण १७ फागुन २०७९ बाट शुरु गरेको हो। एक अर्ब २१ करोड लागतमा रहेको सडकको निर्माण जिम्मा बानियाँ मोतिदान डि.एस.जेभी काठमाडौंले पाएको छ । २०८२ फागुन १६ गतेसम्म कालोपत्रे सक्ने म्याद रहेको छ। मदन भण्डारीले तेस्रो प्याकेज अन्तरगत चौर खोला-सालकोट-चत्तुरे चोक-दुलालथाई-विद्यापुर १० र बल्दे-लगाम १५ गरी २५ किलोमिटर सडक निर्माण जिम्मा दिवा यती जेभी काठमाडौंले पाएको छ।

**सुदूर र कर्णाली जोड्ने छोटो मार्ग**

कैलालीमा पर्ने चिसापानी कुनै बेला सुनदेखि नुनसम्म किन्न जाने बजार हो । ६० को दशकसम्म साविक कर्णाली र भेरी तथा सेती अञ्चलका अधिकाँश नागरिकहरु गाउँमा उत्पादित वस्तुको विक्रीदेखि आवश्यक सामान खरिद गर्न पैदलै हिडेर त्यहीँ चिसापानी पुग्थे । सडक निर्माणको गति पहाड र हिमालसम्मै पुगेपछि कुनै बेलाको चर्चित चिसापानी बजारको अस्तित्व धरापमा छ । पैदल मार्च गर्ने गोरेटो बाटोमा अचेल गाडी गुड्ने सडक बनेको छ । चिसापानी भएरै राजापुरसम्म आवश्यक सामग्री लिन जानेहरुलाई घर आँगनमै सामान गाडीले पुऱ्याइदिने सुविधा दिइरहेका छन्। सुदूरपश्चिमबाट कर्णाली र कर्णालीबाट सुदूरपश्चिम जाने छोटो मार्ग हो बड्डीचौर-बावियाचौर-कुइने-चिसापानी सडक । सुदूपश्चिमकै अछाम, बाजुराबाट तराई पुग्न होस् वा पहाड पुग्ने छोटो मार्गपनि यहीँ हो।

चिसापानीबाट कैलालीकै कुइनेसम्म १२ किलोमिटर सडक हो । चिसापानी क्षेत्रको दुई किलोमिटर सडक कालोपत्रे छ। बाँकी पाँच किलोमिटर सडक कालोपत्रेका लागि सडक डिभिजन कञ्चनपुरले रुख कटान सकेर काम गरिरहेको छ । यो सडकको लाग १२ करोड छ। सुदूरपश्चिम प्रदेशबाट कर्णाली भित्रने र बाहिरिने सबैभन्दा छोटो सडक हो चिसापानी-बावियाचौर सडक। कुईनस्थित कर्णाली नदी र जामुमा रहेको भेरी नदीमा पक्की पुल निर्माणपछि सञ्चालनमा आएपछि त्रिदेशीय जोड्ने सडक छिटो निर्माण गर्न सरकारलाई दवाव बढेको हो।

यहीँ सडक भएर कर्णालीका सुर्खेतसहित दैलेख, कालिकोट, जुम्ला, हुम्लाका नागरिकलाई सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जान र फर्किन छोटो हुन्छ । कर्णाली राजमार्गको जमुनाह-हिल्सा त्रिदेशीय सडक जोडिएको छ । बावियाचौर-जंगलघाट सडक अझै स्तरोन्नति नभए तत्कालका लागि बड्डीचौरबाट कर्णाली राजमार्ग भएर यात्रा गर्न सहज हुनेछ । चिसापानीबाट बड्डीचौरसम्मको दुरी ४८ किलोमिटर छ । हिउँदको समयमा कैलालीबाट अछाम जाने दर्जन बढी सवारीहरु चिसापानीबाट सुर्खेत-दैलेख भएर अछामको कमलबजार र मंगलसैन पुग्ने गरेका छन् । कैलालीको चिसापानीबाट कोहलपुर-सुर्खेतहुँदै बाहिरिन र भित्रनु पर्छ। कैलालीबाट अछाम पुग्न मात्रै चिसापानी-कोहलपुर ७७, कोहलपुर-वीरेन्द्रनगर ९० र वीरेन्द्रनगर-बेलखेतहुँदै मंगलसेन अछाम १५९ किलोमिटर गरी ३२६ किलोमिटर दुरी तय गर्नुपर्ने अवस्थामा छ । बड्डीचौर-बावियाचौर-कुइने-चिसापानी सडक निर्माण सम्पन्न भए कर्णालीका सुर्खेत, दैलेख, कालिकोट, मुगु, हुम्ला, जुम्ला र सुदूर पश्चिमको कैलाली, कञ्चनपुर, बाजुरा तथा अछाम आवतजावत गर्ने छोटो मार्ग बन्नेछ।

पञ्चपुरी नगरपालिका सुर्खेत र तुर्माखाँद गाउँपालिका अछामको सीमानामा पर्ने जंगलाघाटको कर्णाली नदीमा पक्की पुल निर्माण गर्न लागिएको हो। पुल निर्माणका लागि ८ साउन २०७८ मै सम्झौता गरिएको हो । १० कार्तिक २०८३ मा कर्णाली नदीमा पुक्की पुल निर्माण सम्पन्न गर्नेगरी म्याद थप गरिएको छ। १६ करोड ५८ लाख ६४ हजार लागत रहेको पुल निर्माणको जिम्मा लामा कन्ट्रक्शन प्रा.लि. काठमाडौंले लिएको छ।

# दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माण पूर्वको काम सुरु

कञ्चनपुर । दोधारा चाँदनी नगरपालिकामा सुक्खा बन्दरगाह निर्माण प्रक्रिया सुरु भएको छ । मंगलबार भारतीय निर्माण कम्पनीलाई साइट हस्तान्तरणसँगै भौतिक संरचना निर्माण पूर्वको काम सुरु भएको हो। सुक्खा बन्दरगाह निर्माणका लागि ठेक्का भएको कम्ट कन्सट्रक्सनलाई मंगलबार इन्टरमोडल यातायात विकास समितिले साइट हस्तान्तरण गरेको हो। समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले कम्ट कन्सट्रक्सनका प्रबन्ध निर्देशक सुनिल शर्मालाई निर्माणस्थल देखाउनुका साथै उक्त क्षेत्र सफा गरिएको थियो।



'औपचारिक रुपमा निर्माणको काम दुई देशका प्रधानमन्त्रीले संयुक्त रुपमा शिलान्यास गरेपछि मात्रै सुरु हुनेछ,' इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक गजुरेलले भने, 'अहिले साइट खाली गर्नेदेखि मुढाहरु निकाल्ने र कम्पनीको कार्यालय निर्माण लगायतको काम हुनेछ ।' उक्त क्षेत्रमा मंगलबारदेखि नै कटान गरिएका रुखका मुढा उखेल्ने र झाडी सफा गर्ने काम सुरु भइसकेको छ । अहिले प्रारम्भिक निर्माणको काम भइरहेको छ । घेरबारको काम पनि सुरु भइसकेको छ। अहिले झण्डा गाडेर सुक्खा बन्दरगाह निर्माणस्थलको क्षेत्र छुट्याइएको छ । अबको तीन वर्षभित्र काम सम्पन्न हुने अपेक्षा गरिएको छ । 'सुक्खा बन्दरगाहबाट मालसामान आयात मात्रै हुने होइन, यो व्यापारिक पूर्वाधार हो, यहाँबाट पनि युरोप, अमेरिकातिर निर्यात गर्न सकिन्छ,' गजुरेलले भने, 'अब हामीले पनि निर्यातका लागि उद्योगहरु स्थापना गर्नुपर्छ ।' उनले दुई दशकदेखि चर्चा चलेको सुक्खा बन्दरगाह निर्माणको चरण अघि बढेकोप्रति आफू निकै उत्साहित भएको बताए।

सुक्खा बन्दरगाह निर्माणका लागि कम्ट कन्सट्रक्सनले २ अर्ब ४० करोड भारुमा ठेक्का पाएको छ। तीन वर्षभित्र काम सक्नेगरी ठेक्का सम्झौता भएको कन्सट्रक्सनका प्रबन्ध निर्देशक शर्माले बताए । 'हामीलाई साइट हस्तान्तरण भइसकेको छ, अब निर्माण पूर्वका कार्य गर्नेछौं,' शर्माले भने, 'शिलान्यासपछि भने निर्माण कार्य अगाडि बढ्नेछ ।' सुक्खा बन्दरगाह निर्माणका लागि दोधारा चाँदनी नगरपालिका १ मा रहेको गौरीशंकर सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टरमा पर्ने १ हजार ७ सय २ रुख खाली गरिएको छ। अहिले ती रुखका मुढा हटाउने, झाडी पन्छाउने र खाल्डाखुल्डी भर्ने काम भइरहेको छ। मलेरिया नालादेखि निर्माणस्थल जाने बाटो समेत निर्माण गरिएको छ।

सुक्खा बन्दरगाहका लागि ४२ हेक्टर बढी जमिन चर्चे पनि अहिले २५ दशमलव ३ हेक्टरमा मात्रै संरचना निर्माण गरिनेछन् । उक्त क्षेत्रमा प्रशासनिक भवन, गोदाम, भान्सार, सुरक्षा, क्वारेन्टिन घर र लोड अनलोड सेड निर्माण गरिने छ। साथै चारैतर्फ पर्खाल निर्माण गरिनेछ।

'ढिलै भएपनि सुक्खा बन्दरगाह निर्माणको काम सुरु हुने भएको छ, हाम्रा लागि यो खुशीको कुरा हो,' आद्योगिक तथा लगानी प्रबर्द्धन बोर्डका समस्य समेत रहेको व्यवसायी तेज चन्दले भने, 'यसलाई जति सक्दो चाँडो निर्माण सकेर सञ्चालनमा ल्याउन सबैले प्रयास गर्नुपर्छ ।' उनले सुक्खा बन्दरगाहले सुदूरपश्चिम मात्रै नभई नेपालकै विकासमा सहयोग पुग्ने बताए।

आगामी भदौमा प्रधानमन्त्रीको भारत भ्रमणका बेला दुई देशका प्रधानमन्त्रीले संयुक्त रुपमा शिलान्यास गर्न सक्ने अपेक्षा गरिएको छ। त्यसपछि मात्रै अन्य संरचना निर्माण गरिने निर्माण कम्पनीले जनाएको छ। सुक्खा बन्दरगाहकै लागि महाकाली नदीमा चार लेनको पक्की पुल निर्माण भइसकेको छ। गड्डाचौकीदेखि मलेरिया नालासम्म करिब ८ किलोमिटर पहुँचमार्ग समेत निर्माण भइसकेको छ। केही स्थानमा पहुँचमार्ग कालोपत्र गर्न बाँकी छ। भारततर्फ पनि राष्ट्रिय राजमार्गको चक्करपुरदेखि सुक्खा बन्दरगाहसम्मको पहुँचमार्ग निर्माण भइरहेको छ । दुई वर्षअघिदेखि नै उक्त क्षेत्रमा पहुँचमार्ग निर्माणको काम भइरहेको हो।